# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## लुम्बिनी प्रदेश

**वार्षिक प्रतिवेदन**

(आ.व.२०७७/७८)




**नेपाल राष्ट्र बैंक**

**सिद्धार्थनगर, कार्यालय**

# भूमिका

**नेपाल राष्ट्र बैंक ऐन, २०५८** को दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंकलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलव्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । सोहि ऐनको दफा १२ अनुसार बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दछ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाउन आर्थिक वर्ष २०७६/७७ देखी यस प्रदेशमा रहेका १२ वटै जिल्लाहरुलाई समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालिएको हो । **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६" बमोजिम** कार्यक्षेत्रभित्र पर्ने तोकिएका जिल्लाहरुको कृषि, उद्योग र सेवा तथा यस अन्तर्गतका शीर्षकहरुको समेत निर्दिष्ट ढाँचामा तथ्याङ्क संकलन गरी वार्षिक आर्थिक गतिविधिको अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको छ ।

धान, गहु,मकै, कोदो, जौ, फापरको तथ्याङ्ककृषि विभागबाट माग गरी उल्लेख गरिएको छ । यस प्रदेशका जिल्ला स्थित कृषि ज्ञान केन्द्रहरुले उपलब्ध गराएको तथ्याङ्कको आधारमा कृषि परिदृष्य तयार पारिएको छ । यस प्रदेशको ५ वटा होटलहरु छनौट गरी अकुपेन्सी र रोजगारी संख्यासमेत प्रतिवेदनमा समावेश गरिएको छ । विभिन्न जिल्लास्थित नगरपालिकाहरुबाट घरजग्गाको स्थायी नक्शा पास संख्याको तथ्याङ्क प्राप्त भएको छ भने यस प्रदेशका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरु छनौट गरी पुँजी, निक्षेप, ऋण, सदस्य संख्या र कर्मचारी संख्यासमेतको विश्लेषण गरी Trend analysis गरिएको छ । यस प्रदेशका ५ वटा पूर्वाधारहरुको वर्तमान अवस्था तथा सो आयोजनाले आसपासका क्षेत्रमा पारेको प्रभाव समेतलाई समावेश गरिएको छ ।

स्थलगत सर्वेक्षणका माध्यमबाट जिल्लागत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार, विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आथिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्क संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ । जिल्लास्थित विभिन्न सरकारी कार्यालय, निर्देशनालय एवम् सम्वन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ । यसैगरी, सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसंगको छलफल अन्तरक्रिया तथा तोकिएका उद्योगहरुसँग गरिएको छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्क एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृष्य चित्रण गरिएको छ ।

लुम्बिनी प्रदेशका १२ वटै जिल्लाहरुका सरकारी तथा निजी क्षेत्रका कार्यालय, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरु प्रति आभार प्रकट गर्दछु । असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप निर्देशक श्री गुलाव धवललाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री माधव राज ढकाल, प्रधान सहायक श्री देवराज ज्ञवाली र प्रधान सहायक श्री सुबाष चन्द्र चौधरी एवम् आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज टोलीका सहायक निर्देशक श्री लवली श्रीवास्तव, सहायक निर्देशक श्री राहुल कनौजिया, प्रधान सहायक श्री विष्णु बहादुर के.सी. र सहायक श्री भिम बहादुर रानालाई समेत धन्यवाद दिन चाहन्छु ।

सुदिप फुयाल
निर्देशक

## विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| | | **सारांश** | ४ |
| **परिच्छेद १ :** | **कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** | | ५ |
| | १.१ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ५ |
| | १.२ | अन्तरप्रदेश तुलना | ५ |
| | १.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौतीहरु | ६ |
| **परिच्छेद २ :** | **कृषि क्षेत्र** | | ८ |
| | २.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| | २.२ | कृषि उत्पादन | १० |
| | २.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १३ |
| | २.४ | सिँचाइ तथा मौसम | १४ |
| | २.५ | क्षेत्रगत कृषि कर्जा | १४ |
| | २.६ | कृषि क्षेत्रका सम्भावना तथा चुनौतीहरु | १५ |
| **परिच्छेद ३ :** | **उद्योग क्षेत्र** | | १८ |
| | ३.१ | उद्योगको क्षमता उपयोग तथा उत्पादन | १८ |
| | ३.२ | क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| | ३.३ | औद्योगिक कर्जा | १९ |
| | ३.४ | औद्योगिक क्षेत्रको सम्भावना तथा चुनौतीहरु | १९ |
| **परिच्छेद ४ :** | **सेवा क्षेत्र** | | २१ |
| | ४.१ | पर्यटन | २१ |
| | ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २२ |
| | ४.३ | वित्तीय सेवा | २३ |
| | ४.४ | यातायात तथा संचार | २७ |
| | ४.५ | स्वास्थ्य तथाशिक्षा | २७ |
| | ४.६ | फण्ड ट्रान्सफर | २८ |
| | ४.७ | विदेशी विनिमय | २८ |
| | ४.८ | भारतीय मुद्रा खरिद विक्री | २८ |
| | ४.९ | सेवा क्षेत्र कर्जा | २८ |
| | ४.१० | सेवा क्षेत्रको सम्भावना तथा चुनौतीहरु | ३० |
| **परिच्छेद ५ :** | **पूर्वाधार र रोजगारी** | | ३१ |
| | ५.१ | पूर्वाधार क्षेत्र | ३१ |
| | ५.२ | रोजगारी | ३३ |
| | ५.३ | पूर्वाधार क्षेत्रका सम्भावना तथा चुनौतीहरु | ३४ |
| **परिच्छेद ६ :** | **आर्थिक परिदृष्य** | | ३५ |
| | ६.१ | कृषि उत्पादन | ३५ |
| | ६.२ | औद्योगिक उत्पादन | ३६ |
| | ६.३ | सेवा क्षेत्र | ३६ |
| | ६.४ | पूर्वाधार क्षेत्र | ३६ |

## तालिका-सूची


| तालिका-सूची | पेज नं. |
|---|---|
| तालिका १: आर्थिक वर्ष २०७७/७८ को लुम्बिनी प्रदेशको आर्थिक परिसूचकहरु | ५ |
| तालिका २: आर्थिक वर्ष २०७७/७८ को आर्थिक परिसूचकहरु | ५ |
| तालिका २.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको हिस्सा | ८ |
| तालिका २.२: फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रको अवस्था | ९ |
| तालिका २.३: खाद्य तथा अन्य बालीको उत्पादन | १० |
| तालिका२.४: जिल्लागत तरकारी उत्पादनको अवस्था | ११ |
| तालिका २.५: जिल्लागत फलफूल तथा मसलाको उत्पादनको अवस्था | १२ |
| तालिका २.६: जिल्लागत कृषि कर्जाको अवस्था | १४ |
| तालिका ३.१: उद्योगको क्षमता उपयोग (प्रतिशतमा) | १८ |
| तालिका ३.२: जिल्लागत औद्योगिक कर्जाको अवस्था | १९ |
| तालिका ४.१: होटल, होमस्टे र पर्यटन आगमनको अवस्था | २१ |
| तालिका ४.२: होटलको अकुपेन्सी दर तथा रोजगारी संख्या | २२ |
| तालिका ४.३: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेपको अवस्था(प्रतिशतमा) | २४ |
| तालिका ४.४: सदस्य तथा कर्मचारीको अवस्था | २७ |
| तालिका ४.५: जिल्लागत सेवा क्षेत्र कर्जाको अवस्था | २९ |
| तालिका ५.१: जिल्लागत वैदेशिक रोजगारीको अवस्था (हिस्सा प्रतिशतमा) | ३३ |


## चार्ट-सूची


| चार्ट-सूची | पेज नं. |
|---|---|
| चार्ट २.१: खाद्य तथा अन्य बालीले ढाकेको भु-क्षेत्र (प्रतिशत परिवर्तन) | ८ |
| चार्ट २.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको हिस्सा (प्रतिशतमा) | ९ |
| चार्ट २.३: फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्र (प्रतिशत परिवर्तन) | १० |
| चार्ट २.४: खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था (प्रतिशत परिवर्तन) | ११ |
| चार्ट २.५:फलफूल तथा मसलाको उत्पादनको अवस्था | १२ |
| चार्ट २.६: प्रमुख पशुपंछी, माछा तथा वनजन्य उत्पादनको अवस्था | १३ |
| चार्ट २.७: कुल सिँचित क्षेत्रफल (प्रतिशत परिवर्तन) | १४ |
| चार्ट २.८: कृषि क्षेत्रमा प्रवाहित कर्जाको अवस्था | १५ |
| चार्ट ३.१:उद्योगको क्षमता उपयोग (प्रतिशतमा) | १८ |
| चार्ट ३.२: कुल औद्योगिक कर्जा लगानीको अवस्था (प्रतिशतमा) | १९ |
| चार्ट ३.३: कुल औद्योगिक कर्जाको अवस्था (प्रतिशत परिवर्तन) | २० |
| चार्ट ४.१: जिल्लागत कुल राजश्वको अंश (प्रतिशतमा) | २२ |
| चार्ट ४.२: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था | २४ |
| चार्ट ४.३: सहकारी संस्थाहरुमा पूंजी, बचत परिचालन तथा ऋण प्रवाहको अवस्था | २६ |
| चार्ट ४.४: सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश | २८ |
| बक्स १: बचत तथा ऋण सहकारी संस्थाको पूँजी, बचत, ऋण, सदस्य संख्या र रोजगारी संख्याको अवस्था | २६ |
| बक्स २: स्थानीय तहमा थप बैंक शाखाहरुको विस्तारको अवस्था | २९ |

## सारांश

लुम्बिनी प्रदेशका १२ वटै जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०७७/७८ को वार्षिक अध्ययन प्रतिवेदनको सार-संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

### कृषि

१. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र २.९१ प्रतिशतले घटेको छ भने यस्ता बालीको उत्पादन ३.१४ प्रतिशतले बढेको छ ।

२. तरकारी उत्पादन २.४३ प्रतिशत र फलफूल तथा मसला उत्पादन ८.०३ प्रतिशतले बढेको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन २.९८ प्रतिशत, मासु उत्पादन ९.८१ प्रतिशत, अण्डा उत्पादन ५.०७ प्रतिशत र माछा उत्पादन ५.५५ प्रतिशतले बढेको छ ।

४. वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन ५.७५ प्रतिशत र दाउरा उत्पादन १२.९७ प्रतिशतले घटेको छ भने अन्य उत्पादन १२.७२ प्रतिशतले बढेको छ ।

५. समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलको ४३.०४ प्रतिशत हिस्सा सिंचित भएको देखिन्छ ।

६. २०७८ असार मसान्तसम्म अध्ययन क्षेत्र अन्तर्गतका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा कृषि कर्जाको हिस्सा ९.२४ प्रतिशत रहेको छ ।

### उद्योग

७. समीक्षा वर्षमा यस प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ६४.१८प्रतिशत रहेको छ । उद्योग विभागले क्लिंकर उद्योगको ३०० दिन/वर्ष तथा ३००० मे.टन/दिन आधार मानी क्षमता निर्धारण गरेकोमा अर्घाखाँची सिमेन्ट लि.यस वर्ष ३०० दिन भन्दा बढी सञ्चालनमा आएको कारण क्लिंकर उद्योगले क्षमता भन्दा बढी १०३.१२ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ।

८. समीक्षा वर्षमा चामल, गहुँको पिठो, पशुदाना, चाउचाउ, मदिरा, सिन्थेटिक कपडा, रोजिन, प्लाष्टिकका सामान, सिमेण्ट, कंक्रिट, फलामको छड तथा पत्ति र आल्मुनियमको उत्पादन बढेको छ भने कागज, टेवलेट र ड्राईसिरपको उत्पादन घटेको छ ।

९. २०७८ असार मसान्तसम्म अध्ययन क्षेत्र अन्तर्गतका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको २६.६३ प्रतिशत रहेको छ ।

### सेवा

१०. गत वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा पर्यटक आगमन संख्या सत प्रतिशत घटेको छ भने प्रत्यक्ष रोजगारीमा पनि भारी गिरावट आएको छ ।

११. घरजग्गा रजिष्ट्रेशन संख्या १२.६३ प्रतिशतले ह्रास आएको भएतापनि घरजग्गा रजिष्ट्रेशन राजस्व ६८.९१ प्रतिशतले वृद्धि भएको छ । घरनक्सा पास संख्या १८.१२ प्रतिशतले वृद्धि भएको छ ।

१२. समीक्षा वर्षमा कुल सवारी साधन संख्या २३.२३ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समीक्षा वर्षमा ४५.१२ प्रतिशत जनसंख्यामा टेलिफोन/मोबाइल सेवा थप विस्तार भएको छ ।

१३. २०७८ असार मसान्तमा यस प्रदेशमा 'क' वर्गको ७२६, 'ख' वर्गको २२७, 'ग' वर्गको ३५ र 'घ' वर्गको १०८५ गरी कुल २०७३ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । एटिएम संख्या ५७५ रहेको छ ।

१४. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप १८.४० प्रतिशतले वृद्धि भएको छ भने कुल कर्जा २३.५२ प्रतिशतले वृद्धि भएको छ ।

१५. २०७८ असार मसान्तसम्म अध्ययन क्षेत्र अन्तर्गतका बैंक तथा वित्तीय संस्थाले ४१.०५ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह गरेका छन् ।

# कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

## १.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु.५ खर्ब ९५ अर्ब पुगेको अनुमान छ । मुलुकको समग्र गार्हस्थ्य उत्पादनमा यस प्रदेशको १४ प्रतिशत योगदान रहेको छ भने आर्थिक वृद्धिदर ३.९ प्रतिशत रहने अनुमान छ । यसैगरी, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको ३१.९ प्रतिशत, उद्योग क्षेत्रको १४.८ प्रतिशत र सेवा क्षेत्रको ५३.३ प्रतिशत योगदान रहेको छ । यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशको कर्जा/निक्षेप अनुपात ११८.१ प्रतिशत रहेको छ ।

**तालिका १: आर्थिक वर्ष २०७७/७८ को लुम्बिनी प्रदेशको आर्थिक परिसूचकहरु**

| कुल गार्हस्थ्य उत्पादन ( रु.अर्बमा) | आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) प्रतिशत | कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको अंश ( | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा | | | कर्जा/निक्षेप अनुपात (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| | | | कृषि क्षेत्र | उद्योग क्षेत्र | सेवा क्षेत्र | |
| **५९५.६** | **३.९** | **१४** | **३१.९** | **१४.८** | **५३.३** | **११८.१** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग र बैंक तथा वित्तीय संस्थाहरु ।*

## १.२ अन्तरप्रदेश तुलना

आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत आर्थिक अवस्था तुलना गर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सवैभन्दा धेरै ३७.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा १४.० प्रतिशत रहेको छ । यसैगरी, प्रदेश १ को १५.६ प्रतिशत, प्रदेश २ को १३.२ प्रतिशत, गण्डकी प्रदेशको ८.७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ६.९ प्रतिशत हिस्सा रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै बागमती प्रदेशको ४.७ प्रतिशत रहने अनुमान छ र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशको ३.४ प्रतिशत रहने अनुमान छ भने लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर ३.९ प्रतिशत रहने अनुमान छ ।

**तालिका २: आर्थिक वर्ष २०७७/७८ को आर्थिक परिसूचकहरु**

| आर्थिक परिसूचक/प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. |
|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (रु.अर्बमा) | ६६३.६ | ५६१.७ | १६०७. | ३७२.२ | **५९५.६** | १७१. | २९३. |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | **१४.०** | ४.० | ६.९ |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) | ३.६ | ३.५ | ४.७ | ३.६ | **३.९** | ३.६ | ३.४ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | **१७.४** | ५.२ | ९.६ |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.५ | ११.८ | ३०.५ | ११.६ | **१५.९** | ३.३ | ७.३ |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६ | ११.० | ४६.७ | ७.८ | **१२.३** | ३.७ | ५.८ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग ।*

आर्थिक वर्ष २०७७/७८ मा मुलुकको समग्र कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा धेरै २१.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १७.४ प्रतिशत रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३०.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.३ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १५.९ प्रतिशत रहेको छ । सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४६.७ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.७ प्रतिशत रहेको छ भने लुम्बिनी प्रदेशको हिस्सा १३.३ प्रतिशत रहेको छ ।

## १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौतीहरु

**प्रादेशिक क्षमता र सम्भावनाहरु**

- भौगालिक विविधता रहेको यस लुम्बिनी प्रदेशमा खेती गरिएको क्षेत्रफलमध्ये ४२ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाई सुविधा रहेकोले बाँकी भू-भागमा सिँचाई सुविधा पुगेमा यस प्रदेशमा कृषि उत्पादन बढ्ने सम्भावना रहेको छ ।
- यस प्रदेशमा भगवान बुद्धको जीवनसँग सम्बन्धित तिलौराकोट, गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान, देवदह तथा रामग्राम क्षेत्रलगायत अन्य धार्मिक एवम् ऐतिहासिक महत्वका पर्यटनको प्रचुर सम्भावना रहेको छ ।
- समीक्षा वर्षसम्ममा लुम्बिनी प्रदेश अन्तर्गतका विभिन्न प्राथमिकताप्राप्त परियोजनाहरुमध्ये लुम्बिनी गुरुयोजनाले ८५ प्रतिशत भौतिक र ७४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाले ९७.३३ प्रतिशत भौतिक प्रगति र ७७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको, बुटवल अन्तर्राष्ट्रियस्तरको सभाहल पहिलो चरणको १०० प्रतिशत र दोस्रो चरणको ६५ प्रतिशत निर्माण सम्पन्न भएको, बुटवल अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र २०७८/१०/१९ मा सम्पन्न गर्ने भनिएको भएतापनि ३० प्रतिशत मात्र सम्पन्न भएको र उत्तर-दक्षिण (कालिगण्डकी) लोकमार्ग आयोजनाले ६० प्रतिशत कार्य सम्पन्न गरेको छ । उल्लिखित परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपश्चात यस प्रदेशमा कृषि, पर्यटन, उद्योग तथा सेवा क्षेत्र एवम् रोजगारीसमेतमा उल्लेख्य विस्तार भई आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको छ ।
- यो प्रदेश भौगोलिक हिसावले नेपालको मध्य भागमा अवस्थित रहेको हुँदा यस क्षेत्रमा उत्पादित बस्तु तथा सेवाहरुलाई अन्य प्रदेशहरुमा ओसार पसार गर्न सहज हुने तथा भारतीय सीमावर्ति क्षेत्रबाट समेत आवश्यक श्रमिकको सहज उपलब्धताका कारण यो प्रदेशमा जनसांख्यिक लाभको सम्भावना समेत रहेको छ ।
- करिब ८१४ बिगाह क्षेत्रफलमा फैलिएको मोतिपुर औद्योगिक क्षेत्र स्थानीय सरोकारवालाहरुको सामूहिक प्रतिवद्धता एवम् पहलका कारण नेपाल सरकारले सकारात्मक रुपमा ग्रहण गरी नेपाल सरकार उद्योग मन्त्रालयमार्फत प्रारम्भिक प्रतिवेदन तयार भई औद्योगिक क्षेत्र स्थापनाको लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट DPR / EIA सम्पन्न भइसकेको छ । यो औद्योगिक क्षेत्र स्थापना तथा संचालन भएपश्चात् यस प्रदेशमा औद्योगिक उद्यमशीलता विकास, रोजगारी अभिवृद्धि तथा बैदेशिक लगानी भित्रिने सम्भावना रहेको छ ।

**चुनौतीहरु**

- यस प्रदेशको कुल खेती गरिएको भू-भाग मध्ये सिँचाई सुविधा नपुगेको करीब ५८ प्रतिशत भू–भागमा वर्षभरी सिँचाई सुविधा उपलब्ध गराउन कुलो, नहर र बोरिङ्गको व्यवस्था मिलाउनु पर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- लुम्बिनी क्षेत्रमा पर्ने तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहेका तिलौराकोट, गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान, देवदह तथा रामग्राम लगायतका क्षेत्रमा पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि यस क्षेत्रमा आउने पर्यटकहरुको बसाई अवधि लम्ब्याउने कार्य चुनौतिपूर्ण रहेको छ ।

- कोभिड-१९ लगायतका कारणले गर्दा यस प्रदेशमा निर्माणाधीन विभिन्न परियोजनाहरुको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नको लागि दक्ष जनशक्ति तथा उपकरणहरुको व्यवस्थापन, नदीजन्य समाग्री एवम् अन्य निर्माण समाग्रीहरुको उपलब्धता निरन्तर गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- मोतिपूर औद्योगिक क्षेत्र घनाबस्ती, सामुदायिक बन, स्कुल र खेल मैदान जस्ता सार्वजनिक क्षेत्रबिचमा स्थापना हुने भएकोले स्थानीयबासीहरुको जमीनको हकभोग सम्बन्धी विरोध कायमै रहेको छ ।
- यस प्रदेशका सहकारी संस्थाहरुका सदस्यहरुमा कोभिड महामारीको समयमा आम्दानी तथा बचतको अवस्था विचार नगरी उपभोगमा खर्च गर्ने बानीको विकास भएकोले सहकारीमा भाखा नाघेको ऋण बढ्न सक्ने सम्भावना बढेका कारण खराब कर्जा बढ्न सक्ने जोखिम न्यूनीकरण गरी उचित व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- सिद्धार्थ राजमार्ग अन्तर्गत पाल्पाको सिद्धबाबा दोभान सडकखण्ड उच्च जोखिम अवस्थामा रहेको र बैकल्पिक मार्गको निर्माण कार्य सम्पन्न नहुन्जेलसम्म पाल्पा तथा आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तारमा चुनौती कायमै रहेको छ ।

## परिच्छेद २
# कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### २.१.१ खाद्य तथा अन्य बाली :

समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.९१ प्रतिशतले घटेर ७ लाख ६४ हजार १ सय ६८ हेक्टर कायम भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.१७ प्रतिशतले घटेको थियो ।


आर्थिक वर्ष २०७७/७८ को प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी हिस्सा दाङको १६.६५ प्रतिशत र सबैभन्दा कम हिस्सा रुकुमपूर्वको २.९१ प्रतिशत रहेको छ (तालिका २.१)। त्यसैगरी कपिलवस्तुको १४.६७ प्रतिशत, बर्दियाको १४.२५ प्रतिशत, रुपन्देहीको १४.१६ प्रतिशत, बाँकेको ६.९८ प्रतिशत, नवलपरासीको ६.६५ प्रतिशत, गुल्मीको ५.९७ प्रतिशत, पाल्पाको ५.४३ प्रतिशत, अर्घाखाँचीको ४.१६ प्रतिशत, रोल्पाको ४.०८ प्रतिशत र प्यूठानको ४.०८ प्रतिशत हिस्सा रहेको छ ।

**तालिका २.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको हिस्सा**

| जिल्ला | २०७७/७८ हिस्सा (प्रतिशत) |
|---|---|
| रुकुम(पूर्व) | २.९१ |
| रोल्पा | ४.०८ |
| प्यूठान | ४.०८ |
| गुल्मी | ५.९७ |
| अर्घाखाँची | ४.१६ |
| पाल्पा | ५.४३ |
| नवलपरासी | ६.६५ |
| **रुपन्देही** | **१४.१६** |
| कपिलवस्तु | १४.६७ |
| दाङ | १६.६५ |
| बाँके | ६.९८ |
| बर्दिया | १४.२५ |
| **लुम्बिनी प्रदेश** | **१००.००** |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

समीक्षा वर्षमा यस प्रदेशमा गत वर्षको तुलनामा धान बालीले ढाकेको क्षेत्रफल १.२४ प्रतिशत, मकै बाली १.७४ प्रतिशत, गहुँ बाली २.१७ प्रतिशत, कोदो बाली २.४२ प्रतिशत, फापर बाली ५.५६ प्रतिशत, आलु बाली ८.०७ प्रतिशत, उखु बाली ०.१६ प्रतिशत र भटमास बालीले ढाकेको क्षेत्रफल ३.१० प्रतिशतले बढेको छ (चार्ट २.१)। त्यसैगरी खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये जौ बाली ०.५९ प्रतिशत, दलहन बाली २.६१ प्रतिशत र तेलहन बाली २.०१ प्रतिशतले घटेको छ ।





*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु ।*

## २.१.२ तरकारीः

समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल १.९८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.३५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ को प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा तरकारी बालीले ढाकेको भू-क्षेत्रफलमा बाँके जिल्लाको हिस्सा सबैभन्दा धेरै २०.८७ प्रतिशत रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम १.०८ प्रतिशत रहेको छ (चार्ट २.२) । यस प्रदेशको समग्र तरकारी बालीले ढाकेको भू-क्षेत्रमा बर्दियाको १६.०७ प्रतिशत, दाङको १५.७२ प्रतिशत, रुपन्देहीको १२.३५ प्रतिशत, कपिलबस्तुको ७.९५ प्रतिशत, नवलपरासीको ६.७६ प्रतिशत, पाल्पाको ५.४७ प्रतिशत, रोल्पाको ४.०७ प्रतिशत, अर्घाखाँचीको ४.०५ प्रतिशत, प्यूठानको ३.०२ प्रतिशत र गुल्मीको २.६८ प्रतिशत हिस्सा रहेको छ ।

**चार्ट २.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको हिस्सा (प्रतिशतमा)**




## २.१.३ फलफूल तथा मसलाः


समीक्षा वर्षमा लुम्बिनी प्रदेशको फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ०.६९ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल १६.९९ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ को प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी हिस्सा दाङको १७.४९ प्रतिशत र सबैभन्दा कम हिस्सा रुकुमपूर्वको ३.६४ प्रतिशत रहेको छ (तालिका २.२) । त्यसैगरी पाल्पाको ११.३१ प्रतिशत, कपिलवस्तुको १०.६७ प्रतिशत, बाँकेको १०.०१ प्रतिशत, बर्दियाको ९.२९ प्रतिशत, गुल्मीको ६.८९ प्रतिशत, रुपन्देहीको ६.६७ प्रतिशत, रोल्पाको ६.४५ प्रतिशत, अर्घाखाँचीको ६.४० प्रतिशत र नवलपरासीको ५.८५ प्रतिशत हिस्सा रहेको छ ।

**तालिका २.२ : जिल्लागत फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रकोअवस्था**

| जिल्ला | हिस्सा(प्रतिशतमा) |
|---|---|
| रुकुम(पूर्व) | ३.६४ |
| रोल्पा | ६.४५ |
| प्यूठान | ५.३४ |
| गुल्मी | ६.८९ |
| अर्घाखाँची | ६.४० |
| पाल्पा | ११.३१ |
| नवलपरासी | ५.८५ |
| रुपन्देही | ६.६७ |
| कपिलवस्तु | १०.६७ |
| दाङ | १७.४९ |
| बाँके | १०.०१ |
| बर्दिया | ९.२९ |
| **लुम्बिनी प्रदेश** | **१००.००** |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

यसैगरी, गत वर्षको तुलनामा समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सुन्तला ९.८१ प्रतिशत, केरा २१.८८ प्रतिशत, आँप २.०२ प्रतिशत र स्याउ ८.७९ प्रतिशतले वृद्धि भएको छ भने अन्य फलफूल २१.१४ प्रतिशत, कफी २.८१ प्रतिशत र मसला ०.४२ प्रतिशतले घटेको छ (चार्ट २.३) । यसैगरी पकेट क्षेत्रबाट ब्लक क्षेत्रमा र हाल ब्लक क्षेत्रबाट जोन क्षेत्र कायम भई विस्तार भएको कारण नवलपरासी जिल्लामा केराले ढाकेको क्षेत्रफल १६६.६७ प्रतिशतले उल्लेख्य वृद्धि भएको देखिन्छ । पाल्पा, प्यूठान, कपिलवस्तु र बर्दिया जिल्लाहरुमा अन्य फलफूलको भू-क्षेत्र घटेको कारण यस प्रदेशमा अन्य फलफूलको भू-क्षेत्र घटेको देखिन्छ ।




*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## २.२ कृषि उत्पादन

### २.२.१ खाद्य तथा अन्य बाली:

समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको तुलनामा ३.१४ प्रतिशतले वृद्धि भई २९ लाख ९२ हजार ६ सय ३८ मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २.९५ प्रतिशतले घटेको थियो ।


आर्थिक वर्ष २०७७/७८ को प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी योगदान कपिलवस्तुको १९.१५ प्रतिशत र सबैभन्दा कम योगदान प्यूठान जिल्लाको ३.१५ प्रतिशत रहेको छ (तालिका २.३) । त्यसैगरी रुपन्देहीको १५.५३ प्रतिशत, बर्दियाको १२.९० प्रतिशत, दाङको ११.५६ प्रतिशत, नवलपरासीको ११.१२ प्रतिशत, बाँकेको ८.५९ प्रतिशत, गुल्मीको ४.१८ प्रतिशत, पाल्पाको ३.८१ प्रतिशत, अर्घाखाँचीको ३.२२ प्रतिशत, रुकुमपूर्वको ३.६१ प्रतिशत र रोल्पाको ३.१८ प्रतिशत, योगदान रहेको छ ।

**तालिका २.३: खाद्य तथा अन्य बालीको उत्पादन**

| जिल्ला | हिस्सा(प्रतिशत) |
|---|---|
| रुकम(पूर्व) | ३.६१ |
| रोल्पा | ३.१८ |
| प्यठान | ३.१५ |
| गल्मी | ४.१८ |
| अर्घाखाँची | ३.२२ |
| पाल्पा | ३.८१ |
| नवलपरासी | ११.१२ |
| रुपन्देही | १५.५३ |
| कपिलवस्तु | १९.१५ |
| दाङ | ११.५६ |
| बाँके | ८.५९ |
| बर्दिया | १२.९० |
| **लुम्बिनी प्रदेश** | १००.०० |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

समीक्षा वर्षमा यस प्रदेशमा गत अवधिको तुलनामा धान उत्पादन १.७४ प्रतिशत, मकै उत्पादन २.४६ प्रतिशत, कोदो उत्पादन ९.१८ प्रतिशत, फापर उत्पादन २.२४ प्रतिशत, आलु उत्पादन २६.१२ प्रतिशत, दलहन उत्पादन ११.२२ प्रतिशत र तेलहन उत्पादन ४.१९ प्रतिशतले बढेको छ भने गहुँ उत्पादन ४.०१ प्रतिशत, जौ उत्पादन १.८७ प्रतिशत, उखु उत्पादन ०.१४ प्रतिशत र भटमास उत्पादन ०.६७ प्रतिशतले घटेको छ (चार्ट २.४) । रुपन्देही, रोल्पा, पाल्पा, दाङ, बाँके र बर्दिया जिल्लाहरुमा युवाहरु तरकारी खेती तर्फ आकर्षित भएको र समग्र आलुको क्षेत्रफलमा समेत वृद्धि भएको कारण यस प्रदेशमा आलुको उत्पादनमा उल्लेख्य वृद्धि देखिएको हो ।



चार्ट २.४: खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था (प्रतिशत परिवर्तन)

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### २.२.२ तरकारी :

समीक्षा वर्षमायस प्रदेशमा तरकारीको उत्पादन गत अवधिको तुलनामा २.४३ प्रतिशतले वृद्धि भई ६ लाख १९ हजार ३ सय १८ मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २.९१ प्रतिशतले घटेको थियो । यस प्रदेशको अर्घाखाँची जिल्ला बाहेक अन्य सबै जिल्लाहरुमा तरकारीको उत्पादन बढेको छ ।

यस प्रदेशमा तरकारी उत्पादनमा जिल्लागत हिस्सा हेर्दा बर्दिया जिल्लाको हिस्सा सबैभन्दा धेरै २४.१३ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबै भन्दा कम ०.८९ प्रतिशत मात्र रहेको छ (चार्ट २.४)। यसैगरी कुल तरकारी उत्पादनमा रुपन्देहीको १७.१६ प्रतिशत, बाँकेको १५.९९ प्रतिशत, दाङको १२.९७ प्रतिशत, कपिलवस्तुको ८.२९ प्रतिशत, पाल्पाको ५.५६ प्रतिशत, नवलपरासीको ५.०४ प्रतिशत, अर्घाखाँचीको ३.१६ प्रतिशत, रोल्पाको २.७३ प्रतिशत, प्यूठानको २.४० प्रतिशत र गुल्मीको १.६७ प्रतिशत हिस्सा रहेको छ (तालिका ६) ।

**तालिका २.४: जिल्लागत तरकारी उत्पादनको अवस्था**

| जिल्ला | २०७७/७८ हिस्सा(प्रतिशतमा) |
|---|---|
| रुकम(पर्व) | ०.८९ |
| रोल्पा | २.७३ |
| प्युठान | २.४० |
| गल्मी | १.६७ |
| अर्घाखाँची | ३.१६ |
| पाल्पा | ५.५६ |
| नवलपरासी | ५.०४ |
| रुपन्देही | १७.१६ |
| कपिलवस्त | ८.२९ |
| दाङ | १२.९७ |
| बाँके | १५.९९ |
| बर्दिया | २४.१३ |
| **लुम्बिनी प्रदेश** | १००.०० |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### २.२.३ फलफूल तथा मसला :


समीक्षा वर्षमा यस प्रदेशमा फलफूल तथा मसलाको उत्पादन गत वर्षको तुलनामा ८.०३ प्रतिशतले वृद्धि भई २ लाख ३२ हजार ९ सय ३० मे.टन भएको छ । गत वर्ष यस्तो उत्पादन १३.०६ प्रतिशतले घटेको थियो । यस प्रदेशमा फलफूल तथा मसलाको उत्पादनमा जिल्लागत हिस्सा तुलना गर्दा बर्दिया जिल्लाको योगदान सबैभन्दा धेरै १६.०३ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको योगदान सबैभन्दा कम २.१७ प्रतिशत मात्र रहेको छ (चार्ट २.५)। यसैगरी कुल फलफूल तथा मसलाको उत्पादनमा दाङको १५.०३ प्रतिशत, पाल्पाको १२.७२ प्रतिशत, रुपन्देहीको ८.४६ प्रतिशत, बाँकेको ८.२० प्रतिशत, नवलपरासीको ७.५३ प्रतिशत, कपिलवस्तुको ६.५९ प्रतिशत, प्यूठानको ६.४० प्रतिशत, गुल्मीको ५.९५ प्रतिशत, रोल्पाको ५.७९ प्रतिशत र अर्घाखाँचीको ५.१३ प्रतिशत योगदान रहेको छ ।

**तालिका २.५: जिल्लागत फलफूल तथा मसलाको उत्पादनको अवस्था**

| जिल्ला | हिस्सा(प्रतिशतमा) |
|---|---|
| रुकम(पर्व) | २.१७ |
| रोल्पा | ५.७९ |
| प्यूठान | ६.४० |
| गल्मी | ५.९५ |
| अर्घाखाँची | ५.१३ |
| पाल्पा | १२.७२ |
| नवलपरासी | ७.५३ |
| रुपन्देही | ८.४६ |
| कपिलवस्त | ६.५९ |
| दाङ | १५.०३ |
| बाँके | ८.२० |
| बर्दिया | १६.०३ |
| **लम्बिनी प्रदेश** | १००.०० |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

गत वर्षको तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा सुन्तला उत्पादन १०.१६ प्रतिशत, केरा उत्पादन १८.८८ प्रतिशत, स्याउ उत्पादन ५.१२ प्रतिशत, मसला उत्पादन १८.७४ प्रतिशत र आँप उत्पादन १.४४ प्रतिशतले वृद्धि भएको देखिन्छ भने अन्य फलफूल उत्पादन २१.३७ प्रतिशत र कफी उत्पादनमा २०.८८ प्रतिशतले ह्रास भएको देखिन्छ (चार्ट २.५) । प्यूठान जिल्लामा सुन्तलाको भू-क्षेत्रमा वृद्धि हुनुको साथै उत्पादनमा समेत उल्लेख्य वृद्धि भएको र पाल्पा जिल्लामा सुन्तलाजात फलफूल विकास केन्द्रले गुणस्तरीय विभिन्न उन्नत जातका कलमी तथा विजु बिरुवा उत्पादन गरी सरकारी दर रेटमा उपलब्ध गराउनुको साथै निजीस्तरमा फलफूल नर्सरी तथा व्यवसायिक फलफूल बगैचाहरु स्थापनामा प्राविधिक सेवा उपलब्ध गराएको कारण समग्र सुन्तलाको उत्पादनमा वृद्धि देखिएको छ । पकेट क्षेत्रबाट ब्लक क्षेत्रमा र हाल ब्लक क्षेत्रबाट जोन क्षेत्र कायम भई विस्तार भएको कारण नवलपरासी जिल्लामा केराले ढाकेको क्षेत्रफलमा वृद्धि हुनुको साथै उत्पादनमा पनि वृद्धि भएको देखिन्छ । कफी खेती गरिएको जिल्लाहरुमा गोबारोको प्रकोप, कमजोर बगैंचा व्यवस्थापन र दक्ष प्राविधिकको अभावका कारण कफी उत्पादनमा ह्रास भएको देखिन्छ ।




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### २.२.४ मह उत्पादनः

समीक्षा वर्षमा यस प्रदेशमा महको उत्पादन गत अवधिको तुलनामा ७६.१० प्रतिशतले वृद्धि भई ३ सय ३९ मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २५९.८१ प्रतिशतले बढेको थियो । किसानहरुलाई माहुरी पालन सम्बन्धी प्राविधिक सहयोग र क्षमता अभिवृद्धि तालिम दिईएको कारण बर्दिया जिल्लामा मह उत्पादनमा ४२५.०० प्रतिशतले उल्लेख्य बृद्धि भएको हुँदा समग्र मह उत्पादन बढेको देखिन्छ ।

## २.३ पशुपन्क्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुपन्क्षी उत्पादन :


समीक्षा वर्षमा दूध उत्पादन २.९८ प्रतिशत, मासु उत्पादन ९.८१ प्रतिशत, अण्डा उत्पादन ७२.६३ प्रतिशत र ऊन उत्पादन १३.३७ प्रतिशतले बढेको छ भने छाला उत्पादन ६८.१७ प्रतिशतले घटेको छ ( चार्ट २.६)। गत वर्षको सोही अवधिमा दूध उत्पादन २२.५४ प्रतिशत, मासु उत्पादन ३८.०६ प्रतिशत, अण्डा उत्पादन ३१.१९ प्रतिशत र छालाउत्पादन १४.२८ प्रतिशतले बढेको थियो  भने उन उत्पादन ४.५२ प्रतिशतले घटेको थियो । संघीय सरकारको भैँसी तथा बाख्रा ब्लक बिकास कार्यक्रम, दुग्ध उत्पादनको लागि राजमार्ग लक्षित रोड करिडोर कार्यक्रम, बंगुर मिसन कार्यक्रम र दाना तथा साईलेज उत्पादनको लागि मकै मिसन कार्यक्रम सञ्चालनमा रहेको र सहुलियतपूर्ण कृषि कर्जा, पशु बीमा, व्यवसायिक पशुपालनमा बृद्धि लगायतका कारण यस प्रदेशमा पशुपालन क्षेत्रको विकास/विस्तार भई दूध र मासु लगायतका समग्र पशुजन्य उत्पादनमा बृद्धि भएको देखिन्छ ।

### २.३.२ माछा उत्पादन :

समीक्षा वर्षमा यस प्रदेशमा माछा उत्पादन ५.५५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन १५.४५ प्रतिशतले बढेको थियो ।

### २.३.३ वनजन्य उत्पादन :

समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ५.७५ प्रतिशत र दाउरा उत्पादन १२.९७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा पनि काठको उत्पादन १६.५ प्रतिशत र दाउराको उत्पादन २४.४ प्रतिशतले घटेको थियो (चार्ट २.६) । त्यसैगरी, समीक्षा वर्षमा औषधीजन्य वस्तु उत्पादन २७.०६ प्रतिशत र अन्य उत्पादन १२.७२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा औषधीजन्य वस्तु उत्पादन ८५.७५ प्रतिशतले बढेको थियो भने अन्य उत्पादन २७.५७ प्रतिशतले घटेको थियो ।





*स्रोतः अध्ययनमा समेटिएका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र एवम् डिभिजन वन कार्यालयहरु ।*

## २.४ सिँचाइ तथा मौसम :

समीक्षा वर्षमा यस प्रदेशको खेती गरिएको क्षेत्रफलमध्ये सिँचित क्षेत्रफल ४३.०४ प्रतिशत रहेको छ। समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफल २.२३ प्रतिशतले वृद्धि भएका छ। गत वर्षको सोही अवधिमा सिँचित क्षेत्रफल १.११ प्रतिशतले वृद्धि भएको थियो। कुल सिँचित क्षेत्रफलमा कुलोद्वारा सिँचित क्षेत्रफल ३.२६ प्रतिशत, नहरद्वारा १.४७ प्रतिशत, पोखरीद्वारा ९.५२ प्रतिशत, बोरिङ्गद्वारा ८.६८ प्रतिशत र अन्य स्रोतद्वारा १.०५ प्रतिशतले वृद्धि भएको छ।

चार्ट २.७: कुल सिँचित क्षेत्रफल (प्रतिशत परिवर्तन)




*स्रोत: अध्ययनमा समेटिएका जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु।*

## २.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ४४.२७ प्रतिशतले वृद्धि भई रु.४३ अर्ब २९ करोड १५ लाख पुगेको छ। गत वर्ष यस्तो कर्जा २५.५९ प्रतिशतले वृद्धि भएको थियो। यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले ९.२४ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन्।


| तालिका २.६: जिल्लागत कृषि कर्जाको अवस्था | | |
|---|---|---|
| **जिल्ला** | **रु.करोडमा** | **हिस्सा (प्रतिशतमा)** |
| रुकम पूर्व | १८.१५ | ०.०४ |
| रोल्पा | ४२४.६८ | ०.९८ |
| प्युठान | ७६९.७७ | १.७८ |
| गुल्मी | ५३४.२५ | १.२३ |
| अर्घाखाँची | ३०७.३ | ०.७१ |
| पाल्पा | १२५८.९४ | २.९१ |
| नवलपरासी | ४०१०.१९ | ९.२६ |
| **रुपन्देही** | १७६९८.८९ | ४०.८८ |
| कपिलबस्तु | ४११५.६९ | ९.५१ |
| दाङ्ग | ६३५९.३४ | १४.६९ |
| बाँके | ५४८३.३२ | १२.६७ |
| बर्दिया | २३१०.९८ | ५.३४ |
| **कुल** | ४३२९१.४९ | १००.०० |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु।*

यस प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा जिल्लागत हिस्सा हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४०.८८ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०४ प्रतिशत मात्र रहेको छ (तालिका २.६)। यसैगरी कुल कृषि कर्जामा दाङको १४.६९ प्रतिशत, बाँकेको १२.६७ प्रतिशत, कपिलबस्तुको ९.५१ प्रतिशत, नवलपरासी पश्चिमको ९.२६ प्रतिशत, बर्दियाको ५.३४ प्रतिशत, प्यूठानको १.७८ प्रतिशत, गुल्मीको १.२३ प्रतिशत, रोल्पाको ०.९८ प्रतिशत र अर्घाखाँचीको ०.७१ प्रतिशत हिस्सा रहेको छ।

समीक्षा वर्षमा कुल कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कृषि र वन सम्बन्धी शीर्षकमा प्रवाहित कर्जा ४३.९४ प्रतिशतले वृद्धि भई रु.४१ अर्ब ६२ करोड ३७ लाख पुगेको छ भने माछापालन सम्बन्धी शीर्षकमा ५३.१४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६६ करोड ७७ लाख पुगेको छ (चार्ट २.८) । यसैगरी कुल कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये अन्न बालीमा १४१.९ प्रतिशत, माहुरीपालनमा १३३.१ प्रतिशत, फलफूल तथा पुष्पखेतीमा ९९.९५ प्रतिशत र सिँचाई शीर्षकमा ८०.९७ प्रतिशतले वृद्धि भएको छ भने सूर्ति शीर्षकमा ४७.३५ प्रतिशत र वन शीर्षकमा २१.७० प्रतिशतले ह्रास भएको छ ।

**चार्ट २.८: कृषि क्षेत्रमा प्रवाहित कर्जाको अवस्था**




*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

## २.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

**सम्भावनाहरु**

लुम्बिनी प्रदेशमा कृषि क्षेत्रको सम्भावनाहरु देहाय बमोजिम रहेका छन् ।

- यस प्रदेशमा पहाड देखि तराईको समथर भू-भागसम्म रहेकोले विभिन्न कृषि उपजहरुको उत्पादनको लागि आवश्यक पर्ने विविध हावापानीका साथै उर्वर माटोको उपलब्धता रहेकोले अन्नबाली, फलफूलका साथै तरकारी खेती समेत गर्न उपयुक्त रहेको छ ।
- यातायातको विकासले गर्दा कृषि उपजहरु सजिलै बजारसम्म पुऱ्याउन सकिने अवस्था रहेको छ । यस प्रदेशमा संचार र विद्युत आदि पूर्वाधारको विकासले कृषि उत्पादन बढाउन टेवा पुग्ने देखिन्छ ।
- कृषि उपजका साथै माछा, मासु, दुग्ध पदार्थको बढदो मागले गर्दा यस प्रदेशमा कृषि उत्पादनले स्थानीय स्तरमा बजार पाउन सक्ने अवस्था रहेको र लुम्बिनी प्रदेश भौगोलिक हिसावले समेत देशको मध्य (केन्द्र) भागमा अवस्थित भएकाले बजारीकरणमा सहजता रहेको छ ।
- सिँचाई सुविधा उपलब्ध गराउन विभिन्न सिँचाई परियोजनाहरु निर्माणको अन्तिम चरणमा रहेका कारण यस क्षेत्रका खेतीयोग्य जमीनमा सिँचित क्षेत्रफलको हिस्सा बढ्दै गैरहेको छ ।
- संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा सरकारको उपस्थिति हुनु र तीनै तहका सरकारबाट कृषकहरुलाई अनुदान तथा अन्य सहयोग उपलब्ध भईरहेकोले उनीहरुमा स्वदेशी तथा विदेशी कृषि उत्पादनसँग व्यवसायिक प्रतिस्पर्धा गर्ने क्षमता विकास हुने उच्च सम्भावना रहेको छ ।
- सरकारले कृषि पेशालाई मर्यादित पेशाको रुपमा लिएको र सुलभ व्याजदरमा कृषि ऋण/कर्जाको व्यवस्था गरेको कारण विभिन्न अन्य व्यवसायिक क्षेत्रका लगानीकर्ताहरु पनि कृषि पेशातर्फ आकर्षित हुने तथा व्यवसायिक कृषकको संख्या र उद्योगहरुको संख्या क्रमश: वृद्धि हुँदै जाने सम्भावना रहेको छ ।

- कृषि विकासका लागि व्यवसायिकीकरण, यान्त्रिकीकरण, औद्योगिकीकरण तथा विविधीकरण गर्न सकिएमा उत्पादन वढाउन सकिने सम्भावना रहेको छ ।
- स्थानीय तहका पशु सेवा शाखाहरुलाई आवश्यक विज्ञ सहितको प्राविधिक जनशक्ति व्यवस्था गर्न सकेमा कृषि सेवा, कृषक एवम् कृषिका पकेट क्षेत्रमा आवश्यक सेवा पुर्‍याउन सकिने देखिएको छ ।
- बैदेशिक रोजगारीबाट फर्किएर कोभिड-१९ का कारण पुनः रोजगारीका लागि विदेश जानबाट रोकिएका युवाहरुको कृषि व्यवसायतर्फ बढेको आकर्षणले कृषि उत्पादनमा बृद्धि ल्याउन सक्ने सम्भावना देखिएको छ ।

**चुनौतीहरु**

कृषि विकास निर्देशनालय, लुम्बिनी प्रदेशबाट प्राप्त भएको जानकारी अनुसार लुम्बिनी प्रदेशमा कृषि क्षेत्रको चुनौतीहरु देहाय बमोजिम रहेका छन् ।

- खेतीयोग्य जग्गाहरुको खण्डीकरण रोक्ने एवम् खेतीयोग्य जमिनको चक्लाबन्दी गरी सामुहिक खेती प्रयोगमा ल्याउनु र बृहत रुपमा आधुनिक प्रविधि तथा यन्त्र/उपकरण प्रयोग गरी व्यावसायिक कृषिलाई प्राथमिकता दिइनुपर्ने कार्य ।
- बैज्ञानिक भू-उपयोग नीति तर्जुमा तथा कार्यान्वयन गर्न ।
- यस क्षेत्रका हरेक स्थानीय तहमा खेतीयोग्य भू-भागमा वर्षभरी सिँचाई सुविधा उपलब्ध गराउन कुलो, नहर र बोरिङ्ग लगायत कृषिको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाउनु पर्ने कार्य ।
- कृषि प्रणालीको व्यवसायीकरण, परम्परागत कृषि प्रणाली परिवर्तन गरी आधुनिक कृषि प्रणालीमा परिवर्तन गर्न तथा कृषि मजदुरको सहज उपलब्धता गराउन ।
- उन्नत पशुपालन क्षेत्रलाई थप विकास गर्न र उत्पादकत्व वृद्धि गर्न कृषि/पशु अध्ययन-अनुसन्धान केन्द्रहरुको समय सापेक्ष विकास र प्रभावकारी व्यवस्था गर्नुपर्ने कार्य ।
- कृषि बीमा प्रभावकारी रुपमा कार्यान्वयनमा आउन नसकेका कारण सरकारी तवरवाट कृषि बीमा सम्वन्धी चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने कार्य ।
- कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न प्राविधिक ज्ञान, उपयुक्त समयमा गुणस्तरीय मलखाद, बिउ-विजन र कृषि सामाग्रीहरुको बिक्री वितरण सहज र सर्वसुलभ गराउने कार्य ।
- युवाहरुको वैदेशिक रोजगारमा बढ्दो आकर्षणका कारण कृषि क्षेत्रमा श्रमशक्तिको अभाव हुने गरेको छ भने ज्ञान तथा क्षमता अभिवृद्धि गरी विदेशबाट फर्किएका युवाहरुलाई देशभित्रै स्वरोजगारतर्फ उत्प्रेरित गर्ने तथा शीतभण्डारण निर्माणको कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने कार्य ।
- स्थानीय तहहरुमा कृषि तथा पशु सेवा प्रसार कार्यको थालनी भर्खर मात्र शुरु भएको अवस्थामा पर्याप्त प्राविधिक जनशक्तिको व्यवस्था गर्ने कार्य ।
- संघीयतासँगै कृषि तथा पशुपंक्षी प्रविधि प्रसारको काम पनि तीन तहमा विभाजन गरी काम गर्ने व्यवस्था मिलाईएको सन्दर्भमा विगतका तथ्याँकहरु अद्यावधिक हुने कार्य तथा तीनै तहमा भए गरेका कामहरुको एक आपसमा जानकारी तथा समन्वय हुन नसकिरहेको वर्तमान अवस्थामा तीनै तहलाई एउटै संयन्त्रमा ल्याउने कार्य ।
- वर्तमान समयमा परम्परागत एवम् निर्वाहमुखी कृषि प्रणालीबाट आधुनिक तथा प्रविधियुक्त कृषि प्रणालीमा रुपान्तरण हुन लागिरहेको कृषि व्यवसायलाई विकास तथा व्यवसायीकरण गरी कम लागतमा उत्पादन गर्न सक्षम बनाउने तथा युवापुस्ताको यस क्षेत्रमा आकर्षण बढाई आत्मनिर्भर बनाउने कार्य ।

- कृषि क्षेत्रमा आवश्यक प्रविधिको न्यून पहुँचका कारण लगानी र परिश्रम अनुसारको आशातीत उपलब्धि तथा भारतीय उत्पादनको मूल्यको तुलनामा स्थानीय उत्पादनले बजार तथा आशातित मूल्य प्राप्ति गर्ने कार्य ।
- वैदेशिक रोजगारबाट फर्किएका युवाहरु कृषि पेशातर्फ आकर्षित भएको भएतापनि उत्पादित बस्तुको बजारीकरणमा कोभिड-१९ को अवस्था यथावत रहेमा बजारीकरण गर्ने कार्य ।

# परिच्छेद ३


# उद्योग क्षेत्र

## ३.१ उद्योगको क्षमता उपयोग तथा उत्पादन

| तालिका ३.१: उद्योगको क्षमता उपयोग (प्रतिशत) | | |
|---|---|---|
| उत्पादित वस्तुको नाम | २०७६/७७ | २०७७/७८ |
| तोरीको तेल | ४२.९४ | ४३.३५ |
| चामल | ६४.०० | ६५.०८ |
| गहंको पिठो | ६१.८८ | ४३.२४ |
| पशुदाना | ४७.०२ | ५०.६८ |
| चाउचाउ | ९१.६० | ९३.८६ |
| मदिरा | ५४.७८ | ७१.१७ |
| सिन्थेटिक कपडा | ३९.५१ | ५४.४८ |
| कागज | ५६.३८ | ४४.९५ |
| रोजिन | ८८.५८ | ८८.३२ |
| प्लाष्टिकका सामान | ७३.९९ | ८६.०५ |
| सिमेण्ट | ६९.५१ | ६९.३७ |
| क्लिंकर | ८२.६५ | १०३.१२ |
| फलामको छड तथा पत्ति | ५४.४७ | ५८.३३ |
| आल्मनियम उत्पादन | ७५.८७ | ९५.४५ |

*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु ।*

समीक्षा वर्षमा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ६४.१८ प्रतिशत रहेको छ । गत वर्ष यस्ता उद्योगको औसत क्षमता उपयोग ४९.०१ प्रतिशत रहेको थियो । उद्योग विभागले क्लिंकर उद्योगको ३०० दिन/वर्ष तथा ३००० मे.टन/दिन आधार मानी क्षमता निर्धारण गरेकोमा अर्घाखाँची सिमेन्ट लि.यस वर्ष ३०० दिन भन्दा बढी सञ्चालनमा आएको कारण क्लिंकर उद्योगले क्षमताभन्दा बढी १०३.१२ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ भने गहुँको पिठो उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४३.२४ प्रतिशत रहेको छ । आल्मुनियम उत्पादन सम्बन्धी उद्योगले ९५.४५ प्रतिशत, चाउचाउ ९३.८६ प्रतिशत, रोजिन ८८.३२ प्रतिशत, प्लाष्टिकका सामान ८६.०५ प्रतिशत, मदिरा ७१.१७ प्रतिशत, सिमेन्ट ६९.३७ प्रतिशत, चामल ६५.०८ प्रतिशत, फलामको छड तथा पत्ति ५८.३३ प्रतिशत, कागज ४४.९५ प्रतिशत र तोरीको तेल उत्पादन गर्ने उद्योगले ४३.३५ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ (तालिका ३.१)।



चार्ट ३.१: उद्योगको क्षमता उपयोग (प्रतिशतमा)

*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु ।*


अध्ययनले समेटेको उद्योगका उत्पादनमध्ये यस प्रदेशमा कोभिड-१९ पहिलो र दोस्रो लहरमा कागजको माग घट्नुको साथै उद्योगसमेत बन्द रहेको कारण कागजको उत्पादन समीक्षा वर्षमा २० प्रतिशतले घटेको छ । त्यसैगरी, बन्दाबन्दा अवधीभर Tablet र Dry Syrup उत्पादनका लागि चाहिने कच्चा पदार्थ भन्सार विन्दुसम्म नआईसकेको र औषधी उत्पादन गर्ने केही नयाँ मेसीनहरु Installment को अवस्थामा रहेको कारण Tablet को उत्पादन ३०.१५ प्रतिशत र Dry Syrup को उत्पादन ५४.२९ प्रतिशतले गिरावट आएको छ (चार्ट ३.१) । समीक्षा वर्षमा चामल १२.९८ प्रतिशत, गहुँको पिठो ११.३९ प्रतिशत, पशुदाना

७.७७ प्रतिशत, चाउचाउ २४.३२ प्रतिशत, मदिरा ३३.७१ प्रतिशत, सिन्थेटिक कपडा ३७.९० प्रतिशत, रोजिन ७२.३० प्रतिशत, प्लाष्टिकका सामान १३.१९ प्रतिशत, सिमेण्ट ३९.४१ प्रतिशत, कंक्रीट १६.९७ प्रतिशत, फलामको छड तथा पत्ति २६.७५ प्रतिशत र आल्मुनियम उत्पादन २५.८० प्रतिशतले बृद्धि भएको छ ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ०.६८ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा २५.०८ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३८.२५ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २८.७६ प्रतिशत, विद्युत ग्यास तथा पानी सम्बन्धी उद्योगमा १.६४ प्रतिशत र धातुका उत्पादन मेसीनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ५.५८ प्रतिशत कर्जा प्रवाह भएको छ (चार्ट ३.२) ।

चार्ट ३.२: कुल औद्योगिक कर्जा लगानीको अवस्था (प्रतिशतमा)




*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ५८.९१ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०७ प्रतिशत रहेको छ (तालिका ३.२)। यसैगरी, कुल औद्योगिक कर्जामा बाँकेको १७.३५ प्रतिशत, दाङको ७.७१ प्रतिशत, कपिलबस्तुको ५.१४ प्रतिशत र नवलपरासी पश्चिमको ४.८७ प्रतिशत, पाल्पाको १.७७ प्रतिशत, बर्दियाको १.७१ प्रतिशत, गुल्मीको ०.९० प्रतिशत, अर्घाखाँचीको ०.६० प्रतिशत, प्यूठानको ०.५७ प्रतिशत र रोल्पाको ०.३९ प्रतिशत हिस्सा रहेको छ ।

**तालिका ३.२: जिल्लागत औद्योगिक कर्जाको अवस्था**


| जिल्ला | हिस्सा (प्रतिशत) |
|---|---|
| **रुकुम पूर्व** | ०.०७ |
| रोल्पा | ०.३९ |
| प्यूठान | ०.५७ |
| गुल्मी | ०.९० |
| अर्धाखाँची | ०.६० |
| पाल्पा | १.७७ |
| नवलपरासी (पश्चिम) | ४.८७ |
| **रुपन्देही** | ५८.९१ |
| कपिलबस्तु | ५.१४ |
| दाङ्ग | ७.७१ |
| बाँके | १७.३५ |
| बर्दिया | १.७१ |
| **लुम्बिनी प्रदेश** | १००.०० |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

## ३.३ औद्योगिक कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाले लुम्बिनी प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १४.९३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २४ अर्ब ७९ करोड ६७ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.९६ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ६६.३३ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा १७.२१ प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा १०.४२ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा १६.१९ प्रतिशत, विद्युत, ग्याँस तथा पानी

सम्बन्धी उद्योगमा ५९.१२ प्रतिशत र धातुका उत्पादन मेशिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा १६.९६ प्रतिशतले वृद्धि भएको छ । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २६.६३ प्रतिशत रहेको छ ।




*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

## ३.४ औद्योगिक क्षेत्रको सम्भावना र चुनौती

**सम्भावना**

- यस प्रदेशका कंक्रिट उद्योगले क्षमताभन्दा बढी १०३.१२ प्रतिशत क्षमता उपयोग गरेको देखिएकोले क्लिंकर तथा सिमेन्टको उत्पादन र निर्यात बढ्ने तथा यस्ता उद्योगले आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको छ ।
- यस प्रदेशका अधिकाँश उद्योगहरुको क्षमतामा वृद्धि भएको छ । तसर्थ, विद्युतको निरन्तर आपूर्ति, कच्चा पदार्थ, श्रमको सहज उपलब्धता र औद्योगिक कर्जा सरल र सुलभ भएमा उत्पादन लागत कम हुन गई यस क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुनुको साथै यसतर्फ निजी क्षेत्रको आकर्षण बढ्ने प्रबल सम्भावना रहेको छ ।
- कोरोना महामारीबाट प्रभावित उद्योगहरुलाई व्यवसाय निरन्तरता कर्जाले औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव परेको अनुमान गरिएको छ । तसर्थ, यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्ने सम्भावना रहेको छ ।
- यस प्रदेशको रुपन्देही र बाँके जिल्लामा औद्योगिक कर्जाको हिस्सा अन्य जिल्लाभन्दा धेरै रहनु र भारतीय नाकासम्म सहज पहुँच भएको कारण यी जिल्लाहरुमा बैंक तथा वित्तीय संस्थाहरुको थप लगानी बढ्ने सम्भावना रहेको छ ।

**चुनौतीहरु**

औद्योगिक क्षेत्रको चुनौतीहरु देहाय बमोजिम रहेको छ ।

- कंक्रिट र सिमेन्ट उद्योगहरुको स्थापनाले चुरेक्षेत्र मासिने र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण तथा व्यवस्थापन गर्नु ।
- यस प्रदेशका उद्योगहरुमा विद्युतीय उर्जा, कच्चा पदार्थ र श्रमको सहज र निरन्तर आपूर्तिलाई सुनिश्चित गर्नु ।
- यस प्रदेशका औद्योगिक उत्पादनले भारतीय तथा चीनियाँ बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउनु ।

# परिच्छेद ४
# सेवा क्षेत्र

## ४.१ पर्यटन

होटल एसोसिएसन अफ नेपाल, लुम्बिनी प्रदेशबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा तेस्रो मुलकबाट आउने पर्यटक संख्या शुन्य देखिएको छ । गत वर्ष कुल पर्यटक आगमन संख्या ९८.०७ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा नयाँ होटलहरु निमार्णको क्रममा रहेकोले पर्यटक स्तरीय होटल र शैया संख्या गत वर्षको तुलनामा यथावत रहेको छ । समीक्षा वर्षमा पर्यटक स्तरीय होटल तथा लजहरुमा प्रत्यक्ष रोजगारीको संख्यामा ३२.१९ प्रतिशतले ह्रास भई ५ हजार ५ सय ५० रहेको छ । त्यसैगरी, समीक्षा वर्षमा होमस्टे संख्यामा २.७८ प्रतिशत, होमस्टे शैया संख्यामा ३.६८ प्रतिशत र प्रत्यक्ष रोजगारी संख्यामा ४२.३३ प्रतिशतले ह्रास आएको छ (तालिका ४.१)।

**तालिका ४.१: होटल, होमस्टे र पर्यटन आगमनको अवस्था**

| विवरण | अवधि आ.ब.को(साउन-असार) | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | गत अवधि | समीक्षा वर्षमा |
| **स्तरीय होटल तथा लज संख्या** | १३० | १५३ | १५३ | १७.६९ | ० |
| होटल शैयाको संख्या | १०६५० | १२६८० | १२६८० | १९.०६ | ० |
| प्रत्यक्ष रोजगारी संख्या | ७१६३ | ८१८५ | ५५५० | १४.२७ | - ३२.१९ |
| **होमस्टे संख्या** | १००० | १०८० | १०५० | ८.०० | - २.७८ |
| होमस्टे शैयाको संख्या | २८७५ | ३२६५ | ३१४५ | १३.५७ | - ३.६८ |
| प्रत्यक्ष रोजगारी संख्या | २४१५ | ३००० | १७३० | २४.२२ | - ४२.३३ |
| **पर्यटक आगमन संख्या** | १७३२५० | ३३४५ | ० | - ९८.०७ | -१००.०० |

*स्रोतः होटल एशोसियसन अफ नेपाल, लुम्बिनी प्रदेश, नेपालगञ्ज ।*

### ४.१.१ Occupancy Rate तथा रोजगारी

पाल्पा जिल्लाबाट १ र रुपन्देहीबाट ४ गरी जम्मा ५ वटा पर्यटकीय होटलहरुबाट प्राप्त तथ्याँकको आधारमा अकुपेन्सी दर र रोजगारी संख्याको विश्लेषण गरिएको छ । आ.ब. २०७३/७४ को तुलनामा समीक्षा वर्षमा होटलहरुको अकुपेन्सी दर ७५.८५ प्रतिशतले र रोजगारी संख्या ३२.५१ प्रतिशतले ह्रास भई अकुपेन्सी दर ८.८७ र रोजगारी संख्या १६४ मा झरेको छ (तालिका ४.२) । आ.ब.२०७३/७४ मा अकुपेन्सी दर ३६.७४ र रोजगारी संख्या २४३ रहेको थियो । कोभिड-१९ (पहिलो र दोश्रो) लहरका कारण होटलहरु निरन्तर सञ्चालनमा नरहेको, अकुपेन्सी दर र रोजगारी संख्यामा ह्रास आएको, बुकिङ्ग रद्द भएको साथै बैंकको किस्ता समेत निरन्तर हुन नसकेको जस्ता समस्याहरु देखिएका छन् ।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

कुल ३६ वटा नगरपालिका तथा २२ वटा मालपोत कार्यालयहरुबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशका घर तथा भवनको नक्सा पास, घरजग्गा रजिष्ट्रेशन र घरजग्गा रजिष्ट्रेशन राजश्वको अवस्था देहाय बमोजिम रहेको छ ।

**तालिका ४.२: होटलको अकुपेन्सी दर तथा रोजगारी संख्या**

| आ.ब. | अकुपेन्सी दर | रोजगारी संख्या |
|---|---|---|
| ७३/७४ | ३६.७४ | २४३ |
| ७४/७५ | ३७.२१ | २५७ |
| ७५/७६ | ४०.८५ | ३२५ |
| ७६/७७ | २०.२० | २१५ |
| ७७/७८ | ८.८७ | १६४ |

*स्रोतः अध्ययनका लागि छनौट गरिएका होटलहरु ।*

**घर तथा भवनको नक्सा पास संख्या**

समीक्षा वर्षमा यस प्रदेशका घर तथा भवनको नक्सा पासको संख्या गत अवधिको तुलनामा १८.१२ प्रतिशतले बृद्धि भई ८ हजार ६सय ४९ पुगेको छ । नवलपरासी र कपिलवस्तु लगायतका जिल्लाहरुको नगरपालिकाहरुमा बैंकिङ कारोबार प्रयोजनको लागि पुरानो घर/भवन समेतको अभिलेखिकरण कार्य बढेको कारण समग्र लुम्बिनी प्रदेशको घर/भवन स्थायी नक्शा पास संख्यामा वृद्धि देखिएको छ ।


**घरजग्गा रजिष्ट्रेशन संख्या**

समीक्षा वर्षमा यस प्रदेशका घरजग्गा रजिष्ट्रेशन संख्या गत अवधिको तुलनामा १२.६३ प्रतिशतले ह्रास भई १ लाख ४ हजार ७ सय ६९ कायम रहेको छ ।

**घरजग्गा रजिष्ट्रेशन राजश्व**

समीक्षा वर्षमा यस प्रदेशमा घरजग्गा रजिष्ट्रेशन राजश्व गत अवधिको तुलनामा ६८.९१ प्रतिशतले बृद्धि भई रु.५ अर्व १० करोड ६४ लाख संकलन भएको छ । जिल्लाहरुको कुल घरजग्गा रजिष्ट्रेशन राजश्वको अवस्था तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको योगदान सबैभन्दा धेरै ३५.४४ प्रतिशत रहेको छ भने रुकुमपूर्व जिल्लाको योगदान सबैभन्दा कम ०.१० प्रतिशत रहेको छ । कुल घरजग्गा रजिष्ट्रेशन राजश्वमा बाँकेको २०.६० प्रतिशत, दाङको १६.११ नवलपरासी पश्चिमको १०.४६ प्रतिशत, कपिलबस्तुको ७.०३ प्रतिशत, बर्दियाको ५.६२ प्रतिशत, पाल्पाको १.६५ प्रतिशत, प्यूठानको ०.८४ प्रतिशत, अर्घाखाँचीको ०.७७ प्रतिशत, रोल्पाको ०.७३ प्रतिशत र गुल्मीको ०.६५ प्रतिशत योगदान रहेको छ (चार्ट ४.१)।

**चार्ट ४.१: जिल्लागत कुल राजश्वको अंश (प्रतिशतमा)**




**स्रोतः अध्ययनमा समेटिएका मालपोत कार्यालयहरु ।**

## ४.३ वित्तीय सेवा

यस प्रदेशमा रहेका सम्पूर्ण १०९ वटा स्थानीय तहहरुमा बाणिज्य बैंकको शाखा पुगिसकेको छ । औद्योगिक तथा ब्यापारिक केन्द्रको रुपमा रहेको रुपन्देही जिल्लामा मात्र यस प्रदेशको अधिकाँश आर्थिक क्रियाकलापहरु संचालनमा रहनुको साथै बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या, निक्षेप तथा कर्जा लगानीको अवस्था पनि यस जिल्लामा सबैभन्दा बढी रहेको देखिन्छ ।

**शाखा संख्या**

समीक्षा वर्षमा यस प्रदेशका १२ जिल्लाहरुमा क वर्गको ७२६, ख वर्गको २२७, ग वर्गको ३५ र घ वर्गको १०८५ गरी जम्मा २०७३ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । यस मध्ये रुपन्देही जिल्लामा सबैभन्दा बढी ५१६ वटा र रुकुमपूर्व जिल्लामा सबैभन्दा कम १५ वटा शाखाहरु सञ्चालनमा रहेका छन् भने दाङमा २८८, बाँकेमा २४४, कपिलवस्तुमा २०८, बर्दियामा १९५, नवलपरासीमा १७६, पाल्पामा १२७, गुल्मीमा १०९, प्यूठानमा ७२, अर्घाखाँचीमा ६५ र रोल्पामा ५८ वटा शाखाहरु रहेका छन् । २०७७/७८ को मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको एटिएम संख्या यस प्रदेशमा गत वर्षको तुलनामा ७.६८ प्रतिशतले वृद्धि भई ५७५ वटा पुगेको छ । गत वर्षको सोही अवधिमा एटिएम संख्या ५३४ रहेको थियो ।

**कुल निक्षेप**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप गत वर्षको तुलनामा १८.४० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९८ करोड ४० लाख पुगेको छ । गत वर्ष यस्तो निक्षेप परिचालन ३६.७९ प्रतिशतले वृद्धि भएको थियो । जिल्लाहरुको कुल निक्षेपको अवस्था तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४३.१९ प्रतिशत रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.३१ प्रतिशत रहेको छ । त्यसपछी, कुल निक्षेपमा बाँकेको १२.३६ प्रतिशत, दाङको ११.०८ प्रतिशत, कपिलवस्तुको ६.४९ प्रतिशत, पाल्पाको ५.७४ प्रतिशत, गुल्मीको ५.३२ प्रतिशत, नवलपरासी पश्चिमको ५.३० प्रतिशत, अर्घाखाँचीको ३.५७ प्रतिशत, बर्दियाको ३.२१ प्रतिशत, प्यूठानको २.१४ प्रतिशत र रोल्पाको १.३० प्रतिशत हिस्सा रहेको छ ।

**चल्ती निक्षेप**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको कुल चल्ती निक्षेप गत वर्षको तुलनामा १७.८६ प्रतिशतले वृद्धि भई रु.३९ अर्ब ८३ करोड १५ लाख पुगेको छ । गत वर्ष यस्तो निक्षेप परिचालन ११.४६ प्रतिशतले वृद्धि भएको थियो ।

**बचत निक्षेप**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल बचत निक्षेप गत असार मसान्तको तुलनामा २३.६६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४ अर्ब ४३ करोड ६० लाख पुगेको छ । गत वर्ष यस्तो निक्षेप ३२.९० प्रतिशतले वृद्धि भएको थियो ।


**मुद्दती निक्षेप**

बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको कुल मुद्दती निक्षेप गत वर्षको तुलनामा १८.५८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २८ अर्ब १७ करोड ३९ लाख पुगेको छ । गत वर्ष यस्तो निक्षेप ५८.४९ प्रतिशतले वृद्धि भएको थियो ।

### अन्य निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल अन्य निक्षेप गत वर्षको तुलनामा ९.३२ प्रतिशतले ह्रास भई रु.२८ अर्ब ५४ करोड २५ लाख पुगेको छ । गत वर्ष यस्तो निक्षेप २७.६० प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ४.२: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था




*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

### कुल कर्जा

समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा २३.५२ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ७३ अर्ब ६७ करोड ४२ लाख पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २९.७७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षको अन्त्यमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको कर्जा/निक्षेप अनुपात ११८.१ प्रतिशत रहेको छ (तालिका ४.३)। जिल्लाहरुको कुल कर्जाको अवस्था तुलना गर्दा समीक्षा वर्षमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ५०.६८ प्रतिशत रहेको छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.१० प्रतिशत रहेको छ । त्यसगरी, समीक्षा वर्षमा बाँके जिल्लामा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै १६० प्रतिशत रहेको छ भने अर्घाखाँची जिल्लामा सबैभन्दा कम अनुपात २८ प्रतिशत रहेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुमा ऋणीहरुको संख्या गत

**तालिका ४.३: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था(प्रतिशतमा)**

| जिल्ला | कुल निक्षेपको अंश ( प्रतिशतमा) | कुल कर्जाको अंश ( प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात( प्रतिशतमा) |
|---|---|---|---|
| रुकुम(पूर्व) | ०.३१ | ०.१० | ३७.५३ |
| रोल्पा | १.३० | ०.६१ | ५४.९७ |
| प्यूठान | २.१४ | १.१५ | ६३.१६ |
| गुल्मी | ५.३२ | १.४६ | ३२.४९ |
| अर्घाखाँची | ३.५७ | ०.८४ | २७.७४ |
| पाल्पा | ५.७४ | २.३८ | ४८.९८ |
| नवलपरासी( | ५.३० | ६.३५ | १४१.६० |
| **रुपन्देही** | **४३.१९** | **५०.६८** | **१३८.६२** |
| कपिलवस्तु | ६.४९ | ४.९४ | ८९.९४ |
| दाङ | ११.०८ | ११.७२ | १२४.९१ |
| बाँके | १२.३५ | १६.७५ | १६०.२७ |
| बर्दिया | ३.२१ | ३.०३ | १११.१५ |
| **लुम्बिनी प्रदेश** | **१००.००** | **१००.००** | **११८.१३** |

*स्रोत: बैंक तथा वित्तयि संस्थाहरु ।*

वर्षको तुलनामा १४.८४ प्रतिशतले वृद्धि भई २ लाख ५९ हजार ६८८ पुगेको छ । गत वर्ष ऋणीहरुको संख्या २ लाख २६ हजार १२७ रहेको थियो ।

### विपन्न वर्ग कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको विपन्न वर्ग कर्जा गत वर्षको तुलनामा ५३.७४ प्रतिशतले वृद्धि भई रु.३२ अर्ब ८८ करोड ३२ लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा ९०.७७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा विपन्न वर्ग कर्जाको हिस्सा ६.९४ प्रतिशत रहेको छ ।

### पुनरकर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको पुनरकर्जा गत वर्षको तुलनामा १६०४.०२ प्रतिशतले उल्लेख्य वृद्धि भई रु.१४ अर्ब ७० लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा १५३.६६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा पुनरकर्जाको हिस्सा २.९६ प्रतिशत रहेको छ ।

### सहुलियतपूर्ण कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको सहुलियतपूर्ण कर्जा गत वर्षको तुलनामा १९०.०५ प्रतिशतले उल्लेख्य वृद्धि भई रु.२३ अर्ब ६८ करोड १६ लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा १८८.८२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा ५ प्रतिशत रहेको छ ।

### प्राथमिकता प्राप्त क्षेत्र कर्जा

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको प्राथमिकताप्राप्त क्षेत्र कर्जा गत वर्षको तुलनामा ७२.९१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ११ अर्ब ५१ करोड ९५ लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा ६५.३१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको कुल कर्जामा प्राथमिकताप्राप्त क्षेत्र कर्जाको हिस्सा २३.५४ प्रतिशत रहेको छ ।

## बचत तथा ऋण सहकारी संस्था

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागबाट प्रकाशित सहकारी झलक, २०७७ अनुसार आ.ब. २०७७/७८ को पहिलो चौमासिकसम्म नेपालमा २९,८८३ सहकारी संस्थाहरुमा रु.९४ अर्ब १० करोड ५० लाख शेयर पुँजी, रु.४७७ अर्ब ९६ करोड ११ लाख बचत संकलन तथा रु.४२६ अर्ब २६ करोड २३ लाख ऋण लगानी रहेको छ । लुम्बिनी प्रदेशमा जम्मा ३७५५ सहकारी संस्थामा रु.५ अर्ब ८२ करोड २३ लाख शेयर पुँजी, रु.५९ अर्ब ९६ करोड ३७ लाख बचत संकलन तथा रु.४० अर्ब ८० करोड ६८ लाख ऋण लगानी रहेको छ । यसैगरी, ९ लाख ९८ हजार ६११ सदस्य संख्या र ६ हजार ९८९ प्रत्यक्ष रोजगारी रहेको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश सरकार, लुम्बिनी प्रदेशबाट प्राप्त तथ्याँक अनुसार यस प्रदेशमा २०७८ असार मसान्तसम्म २ वा २ भन्दा धेरै पालिकामा कार्यक्षेत्र भएका प्रदेशस्तरका जम्मा ६८६ सहकारी संघ संस्थाहरु रहेका छन् । दर्ता भएका सहकारी संस्थाहरुमध्ये १६२ बहुउद्देश्यीय, २३३ बचत तथा ऋण, १३२ कृषि र १५९ विशिष्टिकृत, सूचना/संचार, मत्स्य, जडिबुटी, स्वास्थ्य, औद्योगिक, तरकारी तथा फलफूल, वन तथा वातावरण, शितभण्डारण लगायत अन्य रहेका छन् । यी सहकारी संस्थाहरुमध्ये सबैभन्दा धेरै १४५ रुपन्देहीमा र १३० बाँके जिल्लामा रहेका छन् भने सबैभन्दा थोरै ४ रुकुमपूर्वमा रहेका छन् ।

**बक्स १ : बचत तथा ऋण सहकारी संस्थाको पुँजी, बचत, ऋण, सदस्य संख्या र रोजगारी संख्याको अवस्था**

उपरोक्त २३३ बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये रुपन्देहीबाट ५, नवलपरासीबाट २, पाल्पाबाट २ र कपिलबस्तुबाट १ गरी जम्मा १० बचत तथा ऋण सहकारी संस्थाको पुँजी, बचत, ऋण, सदस्य संख्या र रोजगारी संख्यासँग सम्बन्धित सूचनाहरु देहाय बमोजिम रहेको छ ।


**पुँजी, बचत परिचालन तथा ऋण प्रवाहः**

**कुल पुँजी :**समीक्षा वर्षमानमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी आ.ब. २०७३/७४ को तुलनामा २८०.४४ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ६३ करोड २६ लाख पुगेको छ । आ.ब.२०७३/७४ मा यी संस्थाहरुको कुल पुँजी रु.६९ करोड १९ लाख रहेको थियो (चार्ट ४.३) ।

**कुल बचत परिचालन:**समीक्षा वर्षमाकुल बचत परिचालन आ.ब. २०७३/७४ को तुलनामा १६७.०३ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ६३ करोड २६ लाख पुगेको छ । आ.ब.२०७३/७४ मा कुल बचत परिचालन रु.३ अर्ब ७५ लाख रहेको थियो ।

**कुल ऋण प्रवाह :**समीक्षा वर्षमाकुल ऋण प्रवाह आ.ब. २०७३/७४ को तुलनामा १३७.०८ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ५५ करोड ६६ लाख पुगेको छ । आ.ब.२०७३/७४ मा कुल ऋण प्रवाह रु.३ अर्ब १८ करोड ७४ लाख रहेको थियो ।

**चार्ट ४.३: सहकारी संस्थाहरुमा पूँजी, बचत परिचालन तथा ऋण प्रवाहको अवस्था**




*स्रोत: छनौट गरिएका बचत तथा ऋण सहकारी संस्थाहरु ।*

**बक्स १: क्रमशः...............**

**सदस्य तथा कर्मचारी संख्या**

समीक्षा वर्षमाबचत तथा ऋण सहकारी संस्थाहरुको सदस्य र कर्मचारी संख्या आ.ब. २०७३/७४ को तुलनामा क्रमशः१२९.७२ प्रतिशत र १३१.३३ प्रतिशतले वृद्धि भई क्रमशः ७१७१७ र १९२ जना पुगेको छ । आ.ब.२०७३/७४ मा सदस्य संख्या ३१२१९ र कर्मचारी संख्या ८३ रहेको थियो (तालिका ४.४) ।

| तालिका ४.४: सदस्य तथा कर्मचारीको अवस्था | | |
|---|---|---|
| **आ.ब.** | **सदस्य संख्या** | **कर्मचारी संख्या** |
| ७३/७४ | ३१२१९ | ८३ |
| ७४/७५ | ३६६९६ | ८८ |
| ७५/७६ | ४६८११ | १२८ |
| ७६/७७ | ५७१३२ | १५० |
| ७७/७८ | ७१७१७ | १९२ |

*स्रोतःनमुना छनौट गरिएका बचत तथा ऋण सहकारी संस्थाहरु ।*

स्थानीयस्तरमा छरिएर रहेका, दोहोरो सदस्यता र दोहोरो ऋण जस्ता समस्याका कारण स्तरीय सेवा प्रवाह र सदस्यहरु प्रति उत्तरदायी हुन नसकेको अव्यवस्थित र नियमानुसार संचालनमा नरहेका सहकारी संस्थाको सबलिकरणका लागि एक आपसमा मर्ज हुनुपर्ने देखिन्छ । त्यसैगरी सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउँदै वित्तीय औजारहरुको बारेमा विश्लेषण गर्न सक्ने दक्ष जनशक्ति भित्राउनु पर्ने, व्यवसाय निरन्तरता योजना निर्माण गर्नु पर्ने र सहकारीहरुको नियमित नियमन तथा अनुगमन गर्नुपर्ने देखिन्छ ।

कोभिड-१९(पहिलो र दोश्रो)लहरका कारणबन्दाबन्दी अवधिमा कृषि उत्पादनले बजार नपाउँदा व्यवसाय, रोजगारी तथा नियमित आयश्रोतसमेतमा प्रतिकूल प्रभाव परेका कारण सहकारीका सदस्यहरुबाट कर्जाको किस्ता नियमित नहुँदा भाखा नाघेको ऋण बढ्न गएको, सदस्यहरुमा बचत गर्ने भन्दा पनि संचित बचत रकम उपभोग खर्चका लागि झिक्ने गरेको रऋण/कर्जाको सीमा र ब्याजको म्याद थप्दै जाने परिपाटीको विकास भएको र अनुत्पादक क्षेत्रमा ऋण प्रवाह बढ्न गएको जस्ता समस्याहरु देखिएका छन् ।

## ४.४ यातायात तथा सञ्चार

समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा २३.२३ प्रतिशतले वृद्धि भई १० लाख १९ हजार ६५६ पुगेको छ । यसमध्ये मोटरसाईकल संख्या २५.१३ प्रतिशत तथा अन्य सवारीसाधन संख्या १३.६४ प्रतिशतले वृद्धि भएको छ । नेपाल टेलिकमबाट प्राप्त तथ्याँक अनुसार समीक्षा अवधीमा यस प्रदेशका ४६.७५ प्रतिशत जनसंख्यामा टेलिफोन/मोबाइल सेवा विस्तार भएको छ । समीक्षा वर्षमा यस प्रदेशमा गत अवधिको तुलनामा ३२.७३ प्रतिशतले वृद्धि भई कुल वितरित ईन्टरनेट सेवा ६० हजार ५ सय ४१ पुगेको छ ।

## ४.५ स्वास्थ्य तथा शिक्षा

समीक्षा वर्षमा यस प्रदेशमा सरकारी/सामुदायिक अस्पतालको संख्या अघिल्लो वर्षको तुलनामा ७.४१ प्रतिशतले वृद्धि भई २९ पुगेको छ भने चिकित्सक संख्या र शैया संख्या क्रमशः २३.१९ प्रतिशत र ७.३६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, निजी अस्पतालको संख्या अघिल्लो वर्षको तुलनामा ३.७० प्रतिशतले वृद्धि भई ५६ पुगेको छ भने चिकित्सक संख्या र शैया संख्या क्रमशः १.८९ प्रतिशत र १.४६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्या अघिल्लो वर्षको तुलनामा ४.८९ प्रतिशतले घटेको छ भने विद्यार्थी संख्या २४.९३ प्रतिशत र शिक्षक संख्या ५.७२

प्रतिशतले बढेको छ । यसैगरी संस्थागत निजी विद्यालय ११.९१ प्रतिशतले बढेको छ भने प्राविधिक शिक्षालयतर्फ विद्यालय संख्या २.८९ प्रतिशतले घटेको छ ।

## ४.६ फण्ड ट्रान्सफर

यस प्रदेशको रुकुम(पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी(पश्चिम) र कपिलवस्तु जिल्लाहरुमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयबाट फण्ड ट्रान्सफर हुने गरेको छ भने दाङ र बर्दिया जिल्लामा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयबाट हुने गरेको छ । समीक्षा वर्षमा उक्त नोटकोषहरुमा गत वर्षको तुलनामा ७.२ प्रतिशतले वृद्धि भई रु.२० अर्ब ९० करोड रुपैया फण्ड ट्रान्सफर भएको छ भने गत बर्ष उक्त नोटकोषहरुमा रु.१९ अर्ब ५० करोड रुपैयां फण्ड ट्रान्सफर भएको थियो ।

## ४.७ विदेशी विनिमय

यस लुम्बिनी प्रदेश अर्न्तगत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालय र नेपालगञ्ज कार्यालयबाट नवलपरासी
(पश्चिम), रुपन्देही, कपिलवस्तु, बाँके र बर्दिया जिल्लाहरुमा कुल ७५ वटा इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुले विदेशी मुद्रा सटहीको अनुमति प्राप्त गरेका छन् । जसमध्ये ६१ मनिचेञ्जर, १० होटल/रिसोर्ट, २ ट्राभल एजेन्सी, १ ट्रेकिङ एजेन्सी तथा १ अन्य रहेका छन् । समीक्षा वर्षमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयले रु.२६ करोड ९१ लाख बराबरको अमेरिकी डलर, रु.७ करोड ३९ लाख बराबरको युरो र रु.३३ करोड ७ लाख बराबरको अन्य विदेशी मुद्रा गरी कुल रु.६७ करोड ३७ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ ।


## ४.८ भारतीय मुद्रा खरिद/बिक्री

समीक्षा वर्षमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयले रु.३ करोड ६० लाख बराबरको भारतीय मुद्रा खरिद गरेका छन् भने रु.४६ करोड ४२ लाख बिक्री गरेका छन् । यसैगरी, समीक्षा वर्षमा केन्द्रीय कार्यालय तथा अन्य कार्यालयमा प्रेषित भारतीय मुद्रा ३९३.३३ प्रतिशतले वृद्धि भई रु.७४ करोड पुगेको छ ।

## ४.९ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २८.९९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९२ अर्व ४० करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा ३८.१२ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ४१.०५ प्रतिशत रहेको छ भने कुल सेवा कर्जामध्ये पर्यटन क्षेत्रमा प्रवाहित कर्जाको अंश १०.१४ प्रतिशत रहेको छ ।

चार्ट ४.४: सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश




*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

यस प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ५२.५३ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.०४ प्रतिशत रहेको छ ( तालिका ४.५) । यसैगरी, सेवा क्षेत्र कर्जामा बाँकेको १८.५२ प्रतिशत, दाङको १०.२८ प्रतिशत, नवलपरासीको ५.४९ प्रतिशत, कपिलबस्तुको ४.२१ प्रतिशत, बर्दियाको ३.१३ प्रतिशत, पाल्पाको २.४७ प्रतिशत, गुल्मीको १.२३ प्रतिशत, प्यूठानको १.०५ प्रतिशत, अर्घाखाँचीको ०.५८ प्रतिशत र रोल्पाको ०.४६ प्रतिशत योगदान रहेको छ ।

**तालिका ४.५: जिल्लागत सेवा क्षेत्र कर्जाको अवस्था**

| जिल्ला | कर्जा(करोडमा) | अंश(प्रतिशतमा) |
|---|---|---|
| **रुकुम पूर्व** | ७.२ | ०.०४ |
| रोल्पा | ८९.२७ | ०.४६ |
| प्यूठान | २०२.१ | १.०५ |
| गुल्मी | २३७.०८ | १.२३ |
| अर्घाखाँची | ११२.२९ | ०.५८ |
| पाल्पा | ४७४.६५ | २.४७ |
| नवलपरासी ( | १०५७.१३ | ५.४९ |
| **रुपन्देही** | १०१०६.५७ | ५२.५३ |
| कपिलबस्तु | ८०९.१४ | ४.२१ |
| दाङ्ग | १९७८.१२ | १०.२८ |
| बाँके | ३५६४.१८ | १८.५२ |
| बर्दिया | ६०२.७९ | ३.१३ |
| **लुम्बिनी प्रदेश** | १९२४०.८१ | १००.०० |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*


## बक्स २: स्थानीय तहमा थप बैंक शाखाहरु विस्तारको अवस्था

**शाखा संख्या तथा रोजगारी**

नेपाल राष्ट्र बैंकले सबै स्थानीय तहमा बाणिज्य बैंकको कम्तीमा एक शाखा विस्तार गर्नको लागि लिएको नीति बमोजिम समीक्षा वर्षमा यस प्रदेशका स्थानीयस्तरहरुमा थप ६७ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखाहरु सञ्चालनमा आएका छन् भने थप ३११ जनाले रोजगारी प्राप्त गरेका छन् । थप भएका शाखाहरुमध्ये गुल्मी जिल्लामा सबैभन्दा बढी १० र बर्दिया जिल्लामा सबैभन्दा कम १ वटा मात्र शाखा रहेको छ ।

**निक्षेप तथा कर्जा**

समीक्षा वर्षमा थप भएका बैंक तथा वित्तीय संस्थाका शाखाहरुले रु.१५ अर्ब ३६ करोड ४२ लाख निक्षेप संकलन गरेका छन् भने रु.१३ अर्ब २० करोड ४० लाख कर्जा प्रवाह गरेका छन् । कर्जा निक्षेप अनुपात ८६ प्रतिशत रहेको छ । थप भएका शाखाहरुका कर्जा/निक्षेप अनुपात बाँके जिल्लामा सबैभन्दा धेरै १९२ प्रतिशत रहेको छ भने पाल्पा जिल्लामा सबैभन्दा कम अनुपात ४ प्रतिशत रहेको छ ।




*स्रोत: बैंक तथा वित्तीय संस्थाहरु ।*

## ४.१० सेवा क्षेत्रको सम्भावना र चुनौतीहरु

बुद्धकालीन ऐतिहासिक महत्वका स्थानहरु लुम्बिनी, देवदह, तिलौराकोट र रामग्राम जस्ता स्थानहरु बुद्ध धर्मावलम्बीहरुका लागि तीर्थस्थलको रुपमा रहेको छ । तसर्थ, यस क्षेत्रमा अवस्थित बुद्धकालीन र अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्दै पर्यटकीय क्षेत्रहरुमा पर्याप्त संख्यामा स्तरीय होटल, रेष्टुरेण्टहरु र विभिन्न होमस्टेहरु निर्माण गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिने उच्च सम्भावना रहेको छ ।

- यस प्रदेशको सार्वजनिक निर्माण तथा रियलस्टेट अन्तर्गत घर तथा भवनको नक्सापासको संख्या र घरजग्गा रजिष्ट्रेशन राजश्व बढेको छ । नगर सडक, पुल, ढल तथा अन्य पूर्वाधारको निर्माण भएमा व्यवस्थित शहरीकरणको उच्च सम्भावना रहनुको साथै, घरजग्गा कारोबार बढ्ने तथा रजिष्ट्रेशन राजश्वसमेतमा वृद्धि हुने सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका सम्पूर्ण १०९ वटा स्थानीय तहहरुमा बाणिज्य बैंकको शाखा पुगिसकेको, बैंकहरुको शाखा, निक्षेपकर्ताको संख्या, विपन्नवर्ग कर्जा, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, प्राथमिकता प्राप्त कर्जा र ऋणीहरुको संख्यासमेतमा वृद्धि भएको छ । तसर्थ, कोभिड-१९ जस्ता महामारीको जोखिम न्यूनीकरण हुँदै गएमा यस क्षेत्रमा वित्तीय साक्षरता, वित्तीय समावेशिता तथा वित्तीय पहुँचलगायत अन्य आर्थिक गतिविधि बढ्ने उच्च सम्भावना रहेको छ ।
- मुलुकको समग्र सहकारी संस्थाहरुमा लुम्बिनी प्रदेशको हिस्सा १२.६४ प्रतिशत रहेको छ । सहकारी संस्थाहरुमा शेयर पुँजी, बचत परिचालन, ऋण प्रवाह र सदस्य तथा कर्मचारी संख्यामा समेत वृद्धि भएको छ । सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउदै वित्तीय औजारहरुको बारेमा विश्लेषण र व्यवसाय निरन्तरता योजना निर्माण गर्नसक्ने दक्ष जनशक्ति भित्राउन सके यस प्रदेशमा सहकारी संस्थामार्फत स्थानीय स्रोतसाधनको आदर्शतम प्रयोगको सम्भावना रहेको छ ।
- सडक विकासका लागि चाहिने ज्ञान, अनुभव तथा प्रविधि, निर्माण सामाग्री तथा उपकरणहरुको सहज उपलब्धता हुनु, सडक तथा रेल यातायातमा संघीय सरकारको विशेष प्राथमिकता रहनुले आगामी दिनमा सडक यातायातको विकास हुने देखिन्छ ।

**चुनौतीहरुः**

- लुम्बिनी विकास गुरुयोजना, गौतमबुद्ध विमानस्थल परियोजना, बुटवल र घोराहीमा अन्तर्राष्ट्रियस्तरको सभाहल, बुटवल अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्दलगायत अन्य पूर्वाधारको निर्माण कार्य शीघ्रताका साथ सम्पन्न गर्नु ।
- कोरोना महामारी अवधिभर होटलहरु निरन्तर सञ्चालनमा नरहेको, अकुपेन्सी दर र रोजगारी संख्यामा ह्रास आएको, बुकिङ्ग रद्द भएको साथै बैंकको किस्तासमेत निरन्तर हुन नसकेको कारण यस क्षेत्रका होटल/लज तथा रेष्टुरेण्ट लगायतका अन्य पर्यटन पूर्वाधारहरुमा पर्याप्त लगानी विस्तार गरी सञ्चालनमा ल्याउन चुनौती रहेको छ ।
- यस प्रदेशको समग्र कर्जा/निक्षेप अनुपात ११८.१ प्रतिशत रहेको छ । बाँके, नवलपरासी, रुपन्देही, दाङ र बर्दिया जिल्लामा समेत उक्त अनुपात उच्च रहेतापनि रुकुमपूर्व, रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा लगायतका जिल्लाहरुमा बैंक तथा वित्तीय संस्थाहरुको लगानी विस्तार गर्दै वित्तीय श्रोत साधनमा समान पहुँच पुऱ्याउनु ।
- बन्दाबन्दी अवधिमा सहकारीका सदस्यहरुबाट कर्जाको किस्ता नियमित नहुँदा भाखा नाघेको ऋण बढ्न गएको, सदस्यहरुमा बचत गर्ने भन्दा पनि संचित बचत रकम उपभोग खर्चका लागि झिक्ने गरेको, कर्जाको सीमा तथा ब्याजको म्याद थप्दै जाने परिपाटीको विकास भएको र अनुत्पादक क्षेत्रमा ऋण प्रवाह बढ्न गएकोले यसको व्यवस्थापन गरी सदस्यहरुको व्यवसाय, रोजगारी तथा नियमित आयस्रोत विस्तारमा जोड दिने कार्य ।
- यस प्रदेशको शहरी तथा बैंकिङ्ग पहुँच भएका स्थानहरुमा QR Code, Mobile Banking, Internet Banking जस्ता Digital कारोबारमार्फत ने.रु. तथा भा.रु. समेतमा सेवाग्राहीले बैंकिङ्ग सुविधाको लाभ लिएतापनि सबै किसिमका कारोबारहरुमा यसको प्रयोग बढाउनु ।

# परिच्छेद ५
# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

लुम्बिनी प्रदेशमा संचालित हुलाकी राजमार्ग, सिक्टा सिँचाइ आयोजना, बबई सिँचाइ आयोजना, भेरी बबई डाइर्भसन बहुउद्देश्यीय आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी विकास कोष (लुम्बिनी गुरुयोजना), उत्तर-दक्षिण (कालिगण्डकी) लोकमार्ग, भैरहवा विशेष आर्थिक क्षेत्र प्राधिकरण, मध्यपहाडी लोकमार्ग, लोकमार्गमा अप्टिकल फाइवर विछ्याउने कार्य, नारायणगढ-बुटवल खण्डको सडक चौडा बनाउने योजना, सिद्धार्थनगर नगरपालिका, नेपालगञ्ज र घोराही उपमहानगरपालिकामा संचालित एकीकृत सहरी विकास आयोजना, बुटवल र घोराहीमा सभाहल निर्माण, प्यूठानमा जेष्ठ नागरिक आवास निर्माण, सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, भैरहवा-लुम्बिनी-तौलिहवा सडक आदि राष्ट्रिय गौरव तथा केन्द्रीयस्तरका अन्य आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन ।

उपरोक्त मध्ये ५ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतिहरुको संक्षिप्त जानकारी देहाय बमोजिम समावेश गरिएको छ ।

### ५.१.१ गौतमबुद्ध अन्तर्राष्ट्रीय विमानस्थल

यो विमानस्थलको निर्माण कार्य वि.सं.२०७१ माघ १ बाट थालनी भएको हो । यो विमानस्थल Aircraft '4E' Category क्षमता अर्न्तगत रहेको छ । जसअनुसार ४०० यात्रीले प्रतिघण्टा सुविधा उपभोग गर्न सक्छन् । बि.सं. २०७८ भदौमा सम्पन्न हुने गरी काम थालनी भएको भएतापनि कोरोनाको कारणले समयमै सम्पन्न हुन सकेको छैन । परियोजनाको कुल निर्माण लागत रु.६ अर्ब ८२ करोड (संशोधित) र मूआब्जा बितरण रु. २३ अर्ब ५९ करोड रहेको छ । समीक्षा वर्षसम्म परियोजनाले ९७.३३ प्रतिशत भौतिक प्रगति र ७७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा यस आयोजनाले देहाय बमोजिमका कार्यहरु सम्पन्न गरेको छ ।

- धावन मार्ग, ट्याक्सि वे, जहाज पार्किङ्ग क्षेत्र (एप्रोन)को निर्माण कार्य सम्पन भई विद्युतीय कार्य सम्पन्न भएको ।
- प्रशासकीय भवन, कन्ट्रोल टावरको निर्माण कार्य सम्पन्न भई Equipment Installation Work समेत सम्पन्न भएको ।
- अन्तर्राष्ट्रिय टर्मिनल भवनमा फिनिसिङ्ग तथा Equipment Installation को कार्य अन्तिम चरणमा रहेको ।
- पेरिमिटर रोड, ड्रेनेज, फेन्सिङ्ग पानी ट्याङ्की, कार पार्किङ्ग, फायर विल्डिङ्ग, पेरिमिटर रोडको कार्य सम्पन्न भएको ।
- सञ्चार उपकरणहरुको जडान कार्य सम्पन्न भई Testing कार्य बाँकी रहेको ।

**आसपासका क्षेत्रमा पारेको प्रभावः**

मुआब्जा प्राप्त गरेका जग्गाधनीहरुको आर्थिक स्तरमा सुधार भएतापनि खेतीयोग्य जमीन मासिएको र अधिग्रहण भएकाहरु विस्थापित भई अन्यत्र जानुपरेको ।

### ५.१.२ लुम्बिनी विकास कोष (लुम्बिनी गुरुयोजना)

लुम्बिनी गुरुयोजना तथा भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहेका तिलौराकोट, गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान देवदह, रामग्राम पुरातात्विक क्षेत्रको अन्वेषण उत्खनन संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन २०४२ द्वारा लुम्बिनी विकास कोषको गठन भएको हो । ऐनले निर्दिष्ट गरे बमोजिम कोषले विभिन्न कार्यहरु गरेको

छ । यो गुरुयोजनाले लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीमा मुख्य निर्माणका कार्यहरु सम्पादन गरिरहेको छ भने भगवान गौतमबुद्धसँग प्रत्यक्ष सम्बन्ध रहेका आसपासका जिल्लाहरुमा रहेका धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक क्षेत्रहरुको उत्खनन्, सम्बर्द्धन तथा नयाँ निमार्णका कार्यहरु गरिरहेको छ । परियोजनाको कार्य विक्रम सम्बत् २०८१ सम्ममा सम्पन्न हुने लक्ष राखिएको छ । रु.१३ अर्ब २६ करोड ( संशोधित) कुल परियोजना लागत रहेको यस परियोजनाले हाल सम्म ८५ प्रतिशत भौतिक प्रगति गरेको र ७४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ को अन्तसम्ममा यस आयोजनाले देहाय बमोजिमका कार्यहरु सम्पन्न गरेको छ ।

- लुम्बिनी गुरुयोजना क्षेत्रभित्र आवश्यक ट्रान्सफर्मर सहित आरमोड केवलबाट विद्युतीकरण गर्ने कार्य सम्पन भएको ।
- आइटी सम्बन्धी डाटा सेन्टर, लुम्बिनी गुरुयोजना क्षेत्रभरी अप्टिकल फाइबर विच्छ्याउने कार्य, १७५ थान सिसिटिभि क्यामरा जडान, ५० हजार पर्यटकले एकसाथ चलाउन मिल्ने वाइफाई सिष्टम लगायतका सम्पूर्ण आइटी सम्बन्धी कार्य सम्पन्न भएको ।
- लुम्बिनी गुरुयोजनाको मेरुदण्डको रुपमा रहेको १.६ कि.मि. लम्बाईको सेन्ट्रल क्यानलको दुवैतर्फ ६-६ मि. क्षेत्रमा ल्याण्डस्केप निर्माण गरी दुबो तथा फूलका विरुवा लगाउने कार्य सम्पन्न भएको छ ।
- लुम्बिनी गुरुयोजना क्षेत्रभित्र वाटर टावर, वाटर रिजर्भायर र वाटर सप्लाई सिष्टम निर्माण सम्पन्न भएको ।
- एउटा सवारी पार्किङ्ग र सोको वरिपरि ल्याण्डस्केप गर्ने कार्य सम्पन्न भएको । गुरुयोजनाको गेट नं. ५ देखि मायादेवी मन्दिरसम्म जाने बाटो निर्माण कार्य सम्पन्न भएको ।
- गुरुयोजनाको उत्तरतर्फ रहेको नर्थ पोण्ड वरिपरि विशेष डिजाइनको कोलोन्याड निर्माण कार्य सम्पन्न भएको ।
- ५००० जना अट्ने क्षमता भएको सभाहलको पहिलो फेज निर्माण कार्य सम्पन्न भएको ।
- लुम्बिनी गुरुयोजना अनुसारको कर्मचारी आवास गृह निर्माण कार्य सम्पन्न भएको ।

### ५.१.३ बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन ईकाई

बुटवल सभाहल तथा प्रदर्शनी निर्माण कार्यान्वयन ईकाईको नामबाट स्थापित यस ईकाईबाट बुटवल उपमहानगर पालिका-१०, रामनगरस्थित बुटवल मण्डपमा करिब १६ विगाहा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्य भै रहेको छ । यस आयोजनाको लागत रु.२.२५अर्ब रहेको छ । यस आयोजनाको ठेक्का सम्झौता तीन चरणमा रहेको छ । बुटवल अन्तर्राष्ट्रियस्तरको सभाहल (पहिलो चरण) को १०० प्रतिशत कार्य सम्पन्न भएको छ भने बुटवल अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र २०७८/१०/१९ मा सम्पन्न गर्ने भनिएको भएतापनि कोभिड १९ को कारण यो आयोजनाको ३० प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको छ । बुटवल अन्तर्राष्ट्रिय स्तरको सभाहल (दोश्रो चरण) को आयोजना ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । आयोजनाको सम्पूर्ण कार्य २०७८/९/२२ भित्र सम्पन्न गर्ने लक्ष भएको भएतापनि कोभिड १९ को प्रभावका कारण केही ढिलो सम्पन्न हुने देखिएको छ ।

**आसपासका क्षेत्रमा पारेको प्रभावहरुः**

भौतिक सुन्दरता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा प्रदर्शनी आयोजना गर्न सकिने, रोजगारीको सिर्जना, व्यापार व्यवसाय तथा आर्थिक बृद्धि, पर्यटनमा बृद्धि, मनोरंजन आदि जस्ता सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

### ५.१.४ उत्तर-दक्षिण (कालिगण्डकी) लोकमार्ग आयोजना

उत्तर-दक्षिण (कालिगण्डकी) लोकमार्ग आयोजना, गैडाकोट-मालढुङ्गासम्मको २४५ कि.मि. सडक निर्माणका लागि आ.व.२०६६/६७ मा स्थापना भएको हो । गैडाकोट देखि मालढुङ्गासम्म नवलपरासी, पाल्पा, गुल्मी, स्याङ्गजा, पर्वत र बाग्लुङ्ग गरी ६ वटा जिल्लाहरुमा यस योजनाको कार्यक्षेत्र रहेको छ । नेपालको समग्र राष्ट्रिय विकासमा सन्तुलन कायम गर्न नवलपुरको गैडाकोट-रामपुर-राम्दी-मालढुङ्गा हुँदै कोरला नाका सञ्चालन गरी राष्ट्रिय समृद्धि हासिल गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट राष्ट्रिय गौरवको आयोजनाका रुपमा सूचिकृत गरी निर्माण कार्य अगाडी बढेको छ । २०७८ असार मसान्तसम्म आयोजनाले ६० प्रतिशत

कार्य सम्पन्न गरेको छ । जस अन्तर्गत २४४.९ कि.मि. कच्चि सडक, ५४ कि.मि. पक्कि सडक र १६ वटा पुल निर्माण भएको छ ।**आसपासका क्षेत्रमा पारेको प्रभावहरुः**

यस आयोजनाले आसपासका क्षेत्रमा यातायातको सुविधा बढाएको, स्थानीय जनताको जीवनशैलीमा सहजता ल्याएको, यात्रामा समयको बचत भएको तथा समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ५.१.५ भैरहवा विशेष आर्थिक क्षेत्र प्राधिकरण(SEZA) Special Economic Zone Authority

निर्यात प्रवर्द्धनको माध्यमबाट मुलुकमा औद्योगिकरणको प्रकृया अघि बढाई रोजगारी श्रृजना गर्ने, विदेशी लगानी आकर्षित गरी निर्यातजन्य वस्तु तथा सेवाको उत्पादनबाट व्यापार घाटा कम गर्ने उद्देश्यका साथ ५४ विगाहा क्षेत्रफलमा फैलिएको भैरहवा विशेष आर्थिक क्षेत्र प्राधिकरण (SEZA) को स्थापना भएको हो । वि.सं.२०६० सालमा स्थापना भएको यो आयोजना २०६९ सालमा विशेष आर्थिक क्षेत्र विकास समितिमा परिणत भएको हो । वि.सं. २०७३ सालमा विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम विशेष आर्थिक क्षेत्र प्राधिकरणमा परिणत भएको हो । भैरहवा विशेष आर्थिक क्षेत्रमा हाल ५ वटा उद्योगहरुले उत्पादन कार्य गरिरहेका छन् । स्थापना गर्दाको उद्देश्य हासिल गर्न कानुनी एवं प्रशासकीय विषयहरुमा ठोस नीतिगत कार्यहरु अघि बढ्न नसक्दा यसको भुमिकामा नै स्पष्टता आएको देखिँदैन । स्थलगत अवलोकनका क्रममा यसमा पूर्वाधारको अभाव, जनशक्तिको अभाव, कानुनी तथा प्रक्रियागत जटिलताका कारण पछिल्लो पाँच वर्षमा एउटा पनि उद्योगहरु स्थापना हुन सकेको देखिँदैन ।

**आसपासका क्षेत्रमा पारेको प्रभावहरुः**
आसपासका क्षेत्रमा आर्थिक गतिविधि बढको र स्थानीय बासिन्दाहरुमा रोजगारीका अवसर सिर्जना भएको ।

## ५.२ रोजगारी

### ५.२.१ बैदेशिक रोजगारी

समीक्षा वर्षमा यस प्रदेशमा गत वर्षको तुलनामा वैदेशिक रोजगार वैदेशिक रोजगारमा गएका श्रमिकको संख्या ५२.६१ प्रतिशतले घटेर २६६९९ भएको छ भने गत वर्षको सोही अवधिमा यो संख्या २६.५१ प्रतिशतले घटेको थियो । यस प्रदेशको कुल वैदेशिक रोजगारीमा नवलपरासी जिल्लाको हिस्सा सबैभन्दा धेरै २२.७८ प्रतिशत छ भने रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ३.२७ प्रतिशत रहेको छ । यसैगरी, वैदेशिक रोजगारी रुपन्देहीको २०.१५ प्रतिशत, कपिलवस्तुको १४.७९ प्रतिशत, गुल्मीको १२.७१ प्रतिशत, दाङको ११.८९ प्रतिशत, पाल्पाको १०.६९ प्रतिशत, रोल्पाको ७.६० प्रतिशत, गुल्मीको ७.२७ प्रतिशत, बाँकेको ७ प्रतिशत र बर्दियाको ५.४२ प्रतिशत योगदान रहेको छ ।

**तालिका ५.१: जिल्लागत बैदेशिक रोजगारीको अवस्था( हिस्सा प्रतिशत)**

| जिल्ला | आ.ब.२०७७/७८ |
|---|---|
| **रुकम पर्व** | ३ २७ |
| रोल्पा | ७ ६० |
| प्युठान | ५ ०७ |
| गल्मी | १२ ७१ |
| अर्धाखाँची | ७ २७ |
| पाल्पा | १० ६९ |
| नवलपरासी | २२ ७८ |
| **रुपन्देही** | २० १५ |
| कपिलबस्त | १४ ७९ |
| दाङ्ग | ११ ८९ |
| बाँके | ७ ०० |
| बर्दिया | ५ ४२ |
| **लम्बिनी प्रदेश** | १०० ०० |

*स्रोत: बैदेशिक रोजगार विभाग ।*

### ५.२.२ प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा यस प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६३,८३३ पुरुष, ५०,५०५ महिला, नखुलिएको ५१ र अन्य १० गरी जम्मा १,१४,३९९ जना सुचिकृत वेरोजगार रहेका छन् । सुचिकृत वेरोजगार मध्ये २,८४९ आयोजनामा २७,०१७ जना मात्र रोजगारीमा खटिएको देखिन्छ ।

## ५.३ पूर्वाधार र रोजगारी क्षेत्रका संभावना र चुनौतीहरु

**सम्भावनाहरु**

- यस प्रदेशमा निर्माणाधीन ५ वटा राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये सिक्टा सिँचाई, बबई सिँचाई र भेरी बबई डाइभर्सन जस्ता सिँचाई आयोजनाहरुको निर्माण कार्यसम्पन्न पश्चात यस प्रदेशका बाँके र बर्दिया जिल्लाहरुको खेतीयोग्य जमीनमा सिँचाई सिँचित क्षेत्रफल बढ्ने सम्भावना रहेको छ ।
- यस प्रदेशका पाल्पाको बतासे डाँडा लगायत अन्य पहाडी क्षेत्रको विभिन्न डाँडापाखाहरुमा वायु तथा सौर्य उर्जा र रुपन्देहीको मणिग्राममा स्थापना भए जस्तै प्रदेशका अन्य सम्भावित स्थानहरुमा सौर्य उर्जाको प्रचूर सम्भावना रहेको छ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भएपश्चात् यस क्षेत्रको होटल व्यवसाय तथा सोसँग सम्बन्धित अन्य सेवा व्यवसायहरु जस्तै, यातायात, ट्राभल्स एण्ड टुर्स, घरजग्गा कारोबार लगायत विविध क्षेत्रमा विस्तार भई रोजगारी संख्यामा उल्लेख्य बृद्धि हुने र यसको सबै क्षेत्रमा बहुआयामिक प्रभाव पर्ने देखिन्छ ।
- भैरहवा विशेष आर्थिक क्षेत्रमा हाल ५ वटा उद्योगहरुले उत्पादन कार्य गरिरहेका छन् भने ८ वटा उद्योगहरु निर्माणको क्रममा रहेका छन् । यी उद्योगहरुको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आए पश्चात यस क्षेत्रको निर्यात व्यापार बढ्नुको साथै थप उद्योगहरु आकर्षित हुने र आसपासका क्षेत्रमा रोजगारीको अवसर समेत सृजना हुने सम्भावना रहेको छ ।
- गौतमबुद्धको पवित्र जन्मस्थल लुम्बिनी तथा गौतमबुद्धको जीवनसंग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहेको तिलौराकोट, गाटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान देवदह, रामग्राम पुरातात्विक क्षेत्रको अन्वेषण उत्खनन संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन २०४२ द्वारा लुम्बिनी विकास कोषको गठन भएको हो । ऐनले निर्दिष्ट गरे बमोजिम कोषले विभिन्न कार्यहरु गरेको छ । यो गुरुयोजनाले लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीमा मुख्य निर्माणका कार्यहरु सम्पादन गरिरहेको छ भने भगवान गौतमबुद्धसंग प्रत्यक्ष सम्बन्ध रहेका आसपासका जिल्लाहरुमा रहेका धार्मिक, सांस्कृतिक एवं पुरातात्विक क्षेत्रहरुको उत्खनन्, सम्बर्द्धन तथा नयां निमार्णका कार्यहरु गरिरहेको छ । परियोजनाको कार्य विक्रम सम्बत् २०८१ सम्ममा सम्पन्न हुने लक्ष राखिएको छ । साथै, उक्त योजना सम्पन्न पश्चात बुद्ध सर्किट अन्तर्गत पर्ने जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासीको साथै भारतको बोधीगया, कुशिनगर, श्राबस्ती लगायतका पर्यटन स्थलहरुको विकास भई उक्त स्थानहरुबाट उल्लेख्य धार्मिक पर्यटकहरुको आगमनबाट पर्यटन र सोसंग सम्बन्धित व्यवसायहरु विस्तार हुने सम्भावना देखिन्छ ।
- समीक्षा वर्षमा यस प्रदेशमा पर्यटकस्तरीय होटल र शैया संख्या गत अवधिको तुलनामा यथावत रहेतापनि स्थलगत अवलोकनको क्रममा यस क्षेत्रमा उलेख्य संख्यामा होटलहरु निर्माणकै क्रममा रहेकोले अगामी बर्षहरुमा पर्यटकस्तरीय होटल तथा लजहरुको संख्यामा उलेख्य बृद्धि हुने देखिन्छ ।

**चुनौतीहरु**

- कोभिड-१९ अवधिमा सरकारद्वारा जारी गरिएको निशेधाज्ञाका कारण निर्माणाधिन आयोजनाहरुमा ढुङ्गा, गिट्टी, बालुवा, माटोलगायत निर्माण सामाग्री तथा मजदुरहरु समेत उपलब्ध गराउने कार्य ।
- विगत २०६० सालदेखि लुम्बिनी विकास कोष (लुम्बिनी गुरुयोजना) आयोजनामा स्थायी पदपूर्ति नभएकोले सो कार्य सम्पन्न गर्ने ।
- बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन ईकाइ आयोजना संचालनमा विशेषगरी EIA स्वीकृति, निर्माणस्थलमा रहेका रुख कटान स्वीकृति तथा व्यवस्थापन गर्न, कोभिड-१९ को पहिलो तथा दोस्रो लहर जस्ता समस्याका कारण निर्माण कार्य समयमै सम्पन्न गर्नु ।
- स्थानीय निकायहरुले नदीजन्य समाग्रीहरुको ठेक्का आव्हान नगरिदिंदा निर्माण समाग्री प्राप्तिमा कठिनाई भएको ।
- उद्योगलाई आवश्यक ३३ के.भि.विद्युत, आवश्यक ऐन, कानुन पूर्णरुपमा निर्माण हुन नसकेको कारण भैरहवा विशेष आर्थिक क्षेत्र प्राधिकरण अझै व्यवस्थित गर्ने कार्य ।

# परिच्छेद ६
# आर्थिक परिदृष्य

लुम्बिनी प्रदेश अन्तर्गत आर्थिक गतिविधि अध्ययनमा संलग्न रहेका जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलश्रोत तथा सिँचाई बिकास डिभिजन कार्यालय, सडक पूर्वाधार विकास कार्यालय, डिभिजन बन कार्यालय, विभिन्न औद्योगिक प्रतिष्ठानहरु, पर्यटन कार्यालय, होटल व्यवसाय, विभिन्न आयोजना कार्यालयहरु आदिले उपलब्ध गराएको तथ्याङ्क तथा सूचनाका आधारमा आगामी आर्थिक बर्षमा यस प्रदेशको आर्थिक परिदृष्य यस प्रकार रहने अनुमान गरिएको छ ।

## ६.१ कृषि उत्पादन

- यस प्रदेशमा समयमै बर्षाको शुरुवात, रासायनिक मल तथा उन्नत बीउको उपलब्धता र समयमै धान रोपाई सम्पन्न भएको कारण आगामी बर्ष धानको उत्पादन २.०९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- यस प्रदेशमा मकै मिसन कार्यक्रमले गर्दा गुल्मी र पाल्पामा जिल्लागत रुपमा मकैको उत्पादन वृद्धि हुने अनुमान गरिएको भएतापनि मौसम प्रतिकुलताका (हावा हुरी) कारण आगामी वर्ष समग्र रुपमा मकैको उत्पादन ०.०७ प्रतिशतले ह्रास हुने अनुमान गरिएको छ ।
- पर्याप्त वर्षा एवम् पाल्पा जिल्लामा रैथाने बाली प्रबर्द्धनात्मक कार्यक्रम लागु भएको तथा अर्घाखाँची जिल्लामा कोदोको भू-क्षेत्र बढेको कारण आगामी बर्ष कोदोको उत्पादन समग्रमा १.७७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- अर्घाखाँची जिल्लामा वर्णशंकर, उन्नत जातको दलहनको बीउ प्रयोग भएको कारण समग्र दलहन उत्पादनमा १.२९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- पकेट तथा जोन कार्यक्रमले गर्दा पाल्पा जिल्लामा तरकारी उत्पादन ३ प्रतिशतले बृद्धि हुने अनुमान रहे तापनि कोभिड-१९ महामारी रहिरहेमा बजारीकरणमा समस्या हुने कारण समग्रमा तरकारी उत्पादन १.१६ प्रतिशतले ह्रास आउन सक्ने अनुमान रहेको छ ।
- पाल्पा एवम् गुल्मीमा फलफूल प्रवर्द्धन कार्यक्रम लागु हुने भएकोले फलफूल तथा मसला उत्पादन समग्र ०.६६ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ ।
- कपिलवस्तु जिल्लामा सघन मत्स्यपालनमा बृद्धि, सामुदायिक स्तरका लगानी बढेको, माछा मिसन तथा ह्याचरी कार्यक्रम बढेको एवम् रुपन्देही र नवलपरासी जिल्लाहरुमा जलाशय क्षेत्र बिस्तार भएको कारण यस क्षेत्रमा माछा उत्पादन करीब ५.४३ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- पाल्पा र गुल्मी जिल्लामा मौरी पकेट क्षेत्र संचालन भएको कारण समग्रमा मह उत्पादन ३.४४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
- पाल्पा जिल्लामा गाई ब्लक कार्यक्रम तथा गुल्मीमा स्थानीय तहको दूधमा आत्मनिर्भर कार्यक्रम, अर्घाखाँचीमा व्यवसायिक फर्म दर्तामा वृद्धि भएको कारण समग्र दूध उत्पादन १.६४ प्रतिशतले बढ्ने अनुमान रहेको छ ।
- नवलपरासी जिल्लामा बाखा, कुखुरा, हाँस, कालिज, बट्टाई, टर्कि, लौकाट आदीको फर्ममा वृद्धि भएको, पाल्पामा अभियानमुखी बाखा मिसन कार्यक्रम, गुल्मीमा स्थानीय तहको मासुमा आत्मनिर्भर कार्यक्रम संचालन भएका कारण आगामी वर्ष मासु उत्पादन समग्रमा २.४५ प्रतिशतले वृद्धि हुने र अण्डा उत्पादन १.३४ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।
- कपिलबस्तु जिल्लामा व्यवसायिक भेडा पालनको संख्यामा बृद्धि, नवलपरासीमा भेडा पालन व्यवसायमा कृषकको बढ्दो आकर्षण भएको कारण समग्र उनको उत्पादन ३.९२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।
- नेपाल सरकारको विभिन्न मितिमा भएको निर्णय अनुसार सामुदायिक वनहरुको काठ दाउरा , घाटगदी भएका काठ दाउराको निकासी फुकुवा भएको, तथा जडिबुटी उत्पादन विशेष कार्यक्रम संचालन भएको एवम् सामुदायिक वनहरुको खोटो संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको क्रममा रहेकोले समग्र काठ उत्पादन ८.२८ प्रतिशत, दाउरा उत्पादन ३.३४

प्रतिशत, जडिबुटी उत्पादन ४.९८ प्रतिशत एवम् अन्य उत्पादन ०.१५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।

## ६.२ औद्योगिक उत्पादन

कोभिड-१९ महामारीले औद्योगिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको भएतापनि कोभिड-१९ विरुद्ध खोपको व्यवस्थापन भईरहेको तथा दैनिक संक्रमणको दरमा समेत कमी आउन थालेकोले औद्योगिक गतिविधिमा सुधार आउने अनुमान गरिएको छ । तसर्थ, आगामी अवधिसम्ममा औद्योगिक उत्पादन अन्तर्गत विजुलीका उपकरण ७.६७ प्रतिशत, अन्न तथा पशुदाना १२.५ प्रतिशत, गैह्र धातु खनिजजन्य उत्पादन २० प्रतिशत, फेब्रिकेटेड धातुका सामान १० प्रतिशत, प्लाष्टिकको सामान ५ प्रतिशत, अन्य रासायनिक पदार्थ उत्पादन १३ प्रतिशत र आधारभुत रसायन २० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ६.३ सेवा क्षेत्र

होटल एसोसिएसन अफ नेपाल, लुम्बिनी प्रदेशबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको कुल आगमन संख्या शुन्यमा झरेको छ । कोभिड-१९को प्रभावको कारण पर्यटन क्षेत्रमा कुल सेवा कर्जाको ६.५० प्रतिशत मात्र प्रवाह भएकोमा यस क्षेत्रमा पर्याप्त मात्रामा लगानी बृद्धि गर्न सकेमा संकुचनमा रहेको होटल, रेष्टुरेण्ट तथा अन्य पर्यटन व्यवसाय लगायत समग्र सेवा क्षेत्र २६.९१ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ ।

## ६.४ पूर्वाधार क्षेत्र

- कोभिड-१९ को महामारीका कारण पूर्वाधार क्षेत्रमा काम गर्न भारतीय सिमावर्ती क्षेत्रका कामदारहरु आउने क्रममा कमी आएको र स्थानीय स्तरमा दक्ष कामदारहरु पर्याप्त मात्रामा उपलब्ध नभएको कारण यस क्षेत्रको पूर्वाधार निर्माण कार्यमा असर पर्न गई परियोजनाहरुको लागत बढनुको साथै सम्पन्न हुने समय समेत लम्बिने अनुमान रहेको छ ।
- यस प्रदेशमा निर्माणाधीन रहेका सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना र भेरी बबई डाइभर्सनको निर्माण कार्य सम्पन्न हुने तथा गौतमबुद्ध विमानस्थल परियोजनाले आगामी अवधिमा निर्माण सम्पन्न गरी सञ्चालनमा आउने अनुमान गरिएको छ ।
- यस प्रदेश अर्न्तगतका सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, मध्यपहाडी लोकमार्ग, शहिद लोकमार्गमा हुलाकी राजमार्गका केहि भाग र कालिगण्डकी कोरिडरको निर्माण कार्यमा पनि उल्लेख्य प्रगति हुने अनुमान गरिएको छ ।
- यस प्रदेशमा सञ्चालित केन्द्रीयस्तरका अन्य आयोजनाहरु जस्तैः लोकमार्गमा अप्टिकल फाइवर विछ्याउने कार्य, नारायणगढ-बुटवल खण्डको सडक चौडा बनाउने योजना, नेपालगञ्ज र घोराही उपमहानगरपालिका एवम् सिद्धार्थनगर नगरपालिकामा संचालित एकिकृत शहरी विकास आयोजना, बुटवल र घोराहीमा सभाहल निर्माण, प्यूठानमा जेष्ठ नागरिक आवास निर्माण, भैरहवा-लुम्बिनी-तौलिहवा सडक आयोजनाहरुमा उल्लेख्य प्रगति हुने अनुमान रहेको छ ।
- करिब ८१४ बिगाह क्षेत्रफलमा फैलिएको मोतिपुर औद्योगिक क्षेत्र स्थानीय सरोकारवालाहरुको सामुहिक प्रतिवद्धताका कारण नेपाल सरकारले सकारात्मक रुपमा ग्रहण गरी नेपाल सरकार उद्योग मन्त्रालय मार्फत प्रारम्भिक प्रतिवेदन तयार भई औद्योगिक क्षेत्र स्थापनाको लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट मएच र भ्क्ष्ब सम्पन्न भइसकेको छ । यस बाट आगामी दिनमा औद्योगिक क्षेत्र विस्तार हुने अनुमान रहेको छ ।